श्रम तथा रोजगार प्रवर्द्धन विभाग द.नं. २१४/०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरू एकजुट होऔँ !"

# नेपाल निजामती कर्मचारी संगठन
# विधान- २०६४

## (बाह्रौं संशोधन २०८१)

# नेपाल निजामती कर्मचारी संगठन


केन्द्रीय कार्यसमिति बबरमहल, काठमाडौं–२०४७

श्रम तथा रोजगार प्रवर्द्धन विभाग द.नं. २१४/०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरू एकजुट होऔँ !"

# नेपाल निजामती कर्मचारी संगठन
# विधान- २०६४

(बाह्रौं संशोधन २०८१)




प्रकाशक

## नेपाल निजामती कर्मचारी संगठन

केन्द्रीय कार्यसमिति

बबरमहल, काठमाडौं

फोन नं.: ०१-५३५६८९८, ५३५५०२७

Website : www.negeo.org.np

Email : negeocc078@gmail.com

# विषयसूची


| | | |
|---|---|---|
| परिच्छेद- १ | प्रारम्भिक | ६ |
| परिच्छेद- २ | संगठनको स्थापना | ९ |
| परिच्छेद- ३ | संगठनको उद्देश्य तथा काम कर्तव्य र अधिकार | ११ |
| परिच्छेद- ४ | सदस्यता | १३ |
| परिच्छेद- ५ | संगठनको स्वरुप | १९ |
| परिच्छेद- ६ | अधिवेशन सम्बन्धी व्यवस्था | २६ |
| परिच्छेद- ७ | पदको रिक्तता र पूर्ति | ५२ |
| परिच्छेद- ८ | आर्थिक व्यवस्था | ५४ |
| परिच्छेद- ९ | आयोगहरू | ५६ |
| परिच्छेद- १० | विविध | ६१ |
| अनुसूची - १ | संगठनको परिचय | ६७ |
| अनुसूची - २ | लोगो | ६८ |
| अनुसूची - ३ | झण्डा | ६९ |
| अनुसूची - ४ | संगठनको गान | ७० |
| अनुसूची - ५ | सपथ | ७१ |

# नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४
# (बाह्रौं संशोधन २०८१)

**(श्रम तथा रोजगार प्रवर्द्धन विभागबाट स्वीकृत मिति : २०६४/९/१८)**

**प्रस्तावना :** निजामती कर्मचारीहरूको पेसागत हक हितको सुरक्षा, संरक्षण एवं सम्बर्द्धन गरी निजामती सेवाको गरिमा बढाउन र देशको निजामती प्रशासनलाई अझ बढी सुदृढ, सक्षम, सेवामुलक, प्रभावकारी, गतिशिल, सभ्य र जनमुखी एवं लोकतान्त्रिक बनाई राष्ट्रिय लक्ष्य र हित सुदृढ गरि नेपालका निजामती कर्मचारीहरूले २००७ सालमा स्थापना गरेको नेपाल न्यून वैतनिक कर्मचारी संघ, २०४७ साल बैशाख ७ गते स्थापना गरेको नेपाल निजामती कर्मचारी संगठनको नेतृत्वमा निजामती कर्मचारीहरूले लोकतन्त्र र स्थायित्वको लागि गरेका २०४७ र २०४८ सालको क्रमशः १० दिने र ५६ दिने पेशागत आन्दोलन र विभिन्न मितिमा भएको मनोज जोशी, झपेन्द कार्की र सुरेन्द्र विश्वकर्माको बलिदानी लगायत २०६२/०६३ को जनआन्दोलन-२ मा जनाएको निर्णायक सहभागिता तथा आन्दोलनको मर्म, भावना एवं निजामती सेवा ऐन २०४९ (दोश्रो संशोधन २०६४) को दफा ५३ र निजामती सेवा नियमावली २०५० को नियम ११७ ले दिएको अधिकार बमोजिम निजामती कर्मचारीहरूको स्वतन्त्र, समावेशी एवं सक्षम ट्रेड युनियनको रूपमा स्थापना भई विधिवत रूपमा दर्ता भएको नेपाल निजामती कर्मचारी संगठनलाई निरन्तरता दिदै संघ, प्रदेश र स्थानीय तहमा ट्रेड युनियन गतिविधी सञ्चालन गर्न बाञ्छनीय भएकाले २०८१ साल पौष १ र २ गते सम्पन्न प्रथम विधान अधिवेशनबाट पारित गरी संशोधन सहित लागू गरिएको छ ।

# प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भ :**</u>

(१) यस विधानको नाम "**नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ को** (**बाह्रौं संशोधन** २०८१)" रहेको छ ।

(२) यो विधान श्रम तथा **व्यवसायजन्य सुरक्षा** विभागमा दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषा :**</u> (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

**क**) "**कर्मचारी**" भन्नाले नेपालको संविधानको धारा २८५, निजामती सेवा ऐन, २०४९, लेखापरिक्षण ऐन, २०४८, संसद सेवा ऐन, २०५८ र स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम सेवा शर्त भएका निजामती कर्मचारीहरू सम्झनु पर्दछ । यो शब्दले स्थानीय स्वायत्त शासन ऐन, २०५५ र विकास समिति ऐन, २०१३ अन्तर्गत नियुक्त भई तीनै तहमा कार्यरत कर्मचारी र समायोजन सम्बन्धी संघीय कानुन बमोजिम समायोजन भई संघ, प्रदेश र स्थानीय तहमा कार्यरत तथा प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन अन्तर्गत नियुक्त भई कार्यरत सम्पूर्ण कर्मचारी समेतलाई जनाउँदछ ।

**ख**) "**संगठन**" भन्नाले यस विधानको दफा ३ बमोजिमको नेपाल निजामती कर्मचारी संगठन सम्झनु पर्दछ।

**ग**) "**मन्त्रालय**" भन्नाले नेपाल सरकारका मन्त्रालय र मन्त्रालय सरहका सचिवालय, संवैधानिक निकाय, आयोग समेत जनाउँदछ । साथै सो शब्दले प्रदेश मन्त्रालय समेतलाई जनाउँदछ ।

**घ**) "**विभाग**" भन्नाले विभाग र विभाग भनि नेपाल सरकारले तोकेको कार्यालयहरू सम्झनु पर्दछ ।

**ङ**) "**कार्यालय**" भन्नाले संवैधानिक अङ्ग, मन्त्रालय वा विभाग र सो अन्तर्गत आफ्नो छुट्टै बजेट सञ्चालन गर्ने अख्तियार प्राप्त कार्यालय सम्झनु पर्छ ।

**च**) “**सदस्य**” भन्नाले नेपाल निजामती कर्मचारी संगठनका सदस्यहरूलाई जनाउँदछ ।

**छ**) “**कार्यसमिति**” भन्नाले प्रारम्भिक कार्य समिति, पालिका कार्य समिति, जिल्ला/विभागीय कार्य समिति, प्रदेश कार्य समिति तथा केन्द्रीय कार्य समितिलाई सम्झनु पर्दछ ।

**ज**) “**अधिवेशन**” भन्नाले संगठनको प्रारम्भिक अधिवेशन, पालिका अधिवेशन, जिल्ला/विभागीय अधिवेशन र प्रदेश अधिवेशन समेतलाई सम्झनु पर्दछ ।

**ज**)(१) “**महाधिवेशन**” भन्नाले नेपाल निजामती कर्मचारी संगठनको महाधिवेशन र विशेष महाधिवेशनलाई समेत सम्झनु पर्दछ ।

**झ**) “**तोकिएको**” **वा** “**तोकिए बमोजिम**” भन्नाले यस विधानको अधिनमा रही बनाइएको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**ञ**) “**परिषद्**” भन्नाले यो विधानको दफा ३० बमोजिम गठन भएको केन्द्रीय परिषद्लाई सम्झनु पर्छ । साथै सो शब्दले प्रदेश र जिल्ला/विभागीय परिषद् समेतलाई जनाउँदछ ।

**ट**) “**केन्द्रीय स्तरका कार्यालय**” भन्नाले मन्त्रालय, विभाग र महाशाखा, प्रदेशस्तर, जिल्लास्तर वा शाखा भनि स्पष्ट रूपले नतोकिएकोमा राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो तहको अधिकृत कार्यालय प्रमुख भएको छुट्टै बजेट अख्तियार प्राप्त केन्द्रीयस्तरको कार्यालयलाई सम्झनु पर्दछ ।

**ठ**) “**महाशाखा**” भन्नाले मन्त्रालय वा विभागको प्रत्यक्ष प्रशासकीय नियन्त्रणमा रहेका मन्त्रालय, विभाग वा कार्यालय भनि स्पष्ट रूपले नतोकिएका महाशाखाहरू बुझ्नु पर्दछ ।

**ड**) “**ट्रेड युनियन**” भन्नाले पेशागत हक हितका लागि श्रमिक तथा श्रमजीवी, पेशाकर्मीहरू आफैले गठन गरेको संगठनलाई बुझाउँदछ ।

**ढ**) “**ट्रेड युनियन अधिकार**” भन्नाले संगठन खोल्न, सञ्चालन गर्न, संगठनको तर्फबाट प्रतिनिधित्व गर्न, सामूहिक सौदावाजी एवं

सामाजिक सम्वाद गर्न, बन्द हड्ताल गर्न पाउनेसम्मका अधिकारलाई सम्झनु पर्दछ ।

**ण**) "**सामूहिक सौदावाजी**" भन्नाले व्यवस्थापन पक्ष वा सरकार वा सरकारका प्रतिनिधिसँग सामूहिक हितका लागि यस संगठन तथा निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड यूनियनबाट गरिने सौदावाजी समेतलाई जनाउँदछ ।

**त**) "**पूर्णकालीन**" भन्नाले यसै विधानको दफा ३६ अनुसारको सदस्यलाई सम्झनु पर्दछ ।

**थ**) "**पदाधिकारी**" भन्नाले संगठनको विभिन्न कार्य समितिका पदाधिकारी र सदस्य समेतलाई जनाउने छ ।

**द**) "**सहकारी संस्था**" भन्नाले नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लिमिटेडलाई जनाउँदछ ।

**ध**) "**महासंघ**" भन्नाले पेशागत महासंघ नेपाल भन्ने सम्झनु पर्दछ ।

**न**) "**प्रदेश**" भन्नाले नेपालको संविधानमा उल्लेख भएका प्रदेशहरूलाई सम्झनु पर्दछ र सो शब्दले संगठनको हकमा उपत्यकामा रहेका कार्यसमितिहरूले निर्माण गरी गठित उपत्यका प्रदेश कार्यसमितिलाई जनाउनेछ ।

**प**) "**कर्मचारी कल्याण कोष**" भन्नाले संगठनले सञ्चालन गरेको "सदस्यतासँग कर्मचारी कल्याण कोष" कार्यक्रमलाई सम्झनु पर्दछ ।

**फ**) "**प्रतिष्ठान**" भन्नाले नेपाल निजामती कर्मचारी संगठनले स्थापना गरी संचालन गरेका शहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति प्रतिष्ठान लगायत मुरारी स्मृति केन्द्र समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

# संगठनको स्थापना

३. **संगठनको स्थापना :**

१) “नेपाल निजामती कर्मचारी संगठन” नाम भएको एक संगठनको स्थापना हुनेछ। अंग्रेजीमा यसलाई 'Nepal Government Employees Organization' भनिन्छ र छोटकरीमा NEGEO (नेगो) भनिनेछ।

२) संगठनको केन्द्रीय कार्यसमितिको कार्यालय काठमाडौं उपत्यकामा, प्रदेश कार्यसमिति को कार्यालय सम्बन्धित प्रदेशको राजधानीमा, विभागीय कार्यसमितिको कार्यालय सम्बन्धित मन्त्रालय वा विभागमा, जिल्ला कार्य समितिको कार्यालय प्रत्येक जिल्लाको सदरमुकाम रहेको ठाउँमा, पालिका कार्य समितिको कार्यालय सम्बन्धित पालिकाको केन्द्रमा र प्रारम्भिक कार्य समितिको कार्यालय सम्बन्धित कार्यालयमा रहनेछ।

३) राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता कायम रहेको नेपाल निजामती कर्मचारी संगठन यो विधान स्वीकृत भई लागू भएपछि यसै विधान बमोजिम दर्ता भएको मानिनेछ।

४) संगठनको राष्ट्रिय रुपमा आवद्धता पेशागत महासंघ नेपाल र अन्तर्राष्ट्रिय रुपमा आवद्धता WFTU-World Federation of Trade Union, TUI-PS&A (Trade Union International Public and Allied) सँग रहनेछ।

४. **संगठन स्वःशासित र संगठित संस्था हुने :**

१) संगठन अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, गैर नाफामूलक संगठित र सामाजिक संस्था हुनेछ।

२) संगठनले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, धितो बन्धक राख्न, बेचविखन गर्न र अन्य किसिमले उपभोग गर्न सक्नेछ।

३) संगठनले आफ्नो नामबाट कसै उपर नालिस उजुर गर्न र अरु

कसैले संगठन उपर नालिस उजुर गरेमा सोहि नामवाट प्रतिरक्षा गर्न सक्नेछ ।

४) संगठनको काम कारवाहीको लागि यसको एउटा छुट्टै छाप हुनेछ ।

५) संगठनको पहिचानको लागि अनुसूची-१ मा संगठनको परिचय, अनुसूची-२ मा तोकिए बमोजिमको लोगो, अनुसूची-३ मा तोकिए बमोजिमको झण्डा, अनुसूची-४ मा तोकिए बमोजिमको संगठनको गान र अनुसूची-५ मा तोकिए बमोजिमको सपथको ढाँचा हुनेछ ।

परिच्छेद- ३

# संगठनको उद्देश्य तथा काम कर्तव्य र अधिकार

५. **संगठनको उद्देश्य :** (१) संगठनको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) कर्मचारीहरूको कर्तव्य र दायित्वप्रति बफादार रही पेशागत हकहितको संरक्षण एवं सम्बर्द्धन गर्ने,

ख) देशको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी, सभ्य एवं गतिशील बनाई नागरिकमैत्री प्रशासन मार्फत सुशासन कायम गर्न तीनै तहका सरकारलाई सहयोग पुऱ्याउने,

ग) निजामती कर्मचारीहरूमा जनसेवाको भावना विकसित गरी निजामती सेवालाई गरिमामय र सम्मानित सेवाको रूपमा विकसित गराउने,

घ) संघ, प्रदेश र स्थानीय तहमा क्रियाशिल हुने गरी श्रमिक तथा श्रमजीवी, पेशाकर्मी पक्षीय ट्रेड युनियन आन्दोलनमा जोड दिने,

ङ) पेशागत आन्दोलनको माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने कार्यमा योगदान गरी श्रमिक र श्रमजीवी पक्षीय शासन प्रणाली र वैज्ञानिक समाजवाद प्राप्तिको लागि योगदान गर्ने,

च) सम्पुर्ण राष्ट्रसेवक कर्मचारीको सामाजिक सुरक्षाको सुनिश्चितता कायम गर्न प्रत्यनशील रहने ।

छ) राष्ट्रसेवक सहकारीको माध्यमवाट संगठनका सदस्य र सदस्यका परिवारको आर्थिक, सामाजिक उत्थानमा सहयोग पुऱ्याउने ।

६. **संगठनको आर्दश र सिद्धान्तः** (१) नेपाल निजामती कर्मचारी संगठनको आर्दश र सिद्धान्त देहाय बमोजिम रहने छ :

क) संघ, प्रदेश र स्थानीय तहका प्रशासनिक निकायहरू बीच समन्वय, सहकार्य र अन्तर सम्बन्ध एवं अन्तर आवद्धता ।

ख) सक्षम, व्यवसायिक सेवा र मर्यादित पेसा मार्फत सम्मानित जीवन पद्धतिको अवलम्बन ।

ग) सार्वजनिक सेवा भित्र नव-प्रवर्द्धनात्मक तथा अन्वेषणात्मक कार्यमा अग्रसरता ।

घ) वस्तुनिष्ठ, पारदर्शी र मापनयोग्य कार्यसम्पादन प्रणालीमा जोड दिने ।

ङ) सेवाग्राही र सेवाप्रति जिम्मेवारी बोध र तदनुसारको व्यवहार ।

च) सार्वजनिक प्रशासनलाई सुशासनयुक्त बनाउन प्रयत्नशिल रहने ।

छ) निजामती सेवामा दण्ड र पुरस्कारको उचित ब्यबस्थापनका लागि पहल गर्ने ।

## परिच्छेद- ४

# सदस्यता

७. <u>**संगठनको काम, कर्तव्य र अधिकार :**</u> (१) संगठनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कर्मचारीहरूको सेवा, शर्त र वृत्ति विकास सम्बन्धी नीति निर्धारण गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारलाई आवश्यक सल्लाह र सुझावका माध्यमबाट रचनात्मक सहयोग पुऱ्याउने ।

ख) कर्मचारीहरूका विभिन्न समस्याहरूको अध्ययन गरी त्यसको समाधानका लागि आवश्यक पहल गर्ने ।

ग) निजामती कर्मचारी तथा परिवारको आर्थिक हितको अभिवृद्धि गर्न सहकारीको स्थापना तथा सञ्चालन गर्ने तथा उनीहरूको परिवारको कल्याणको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

घ) कर्मचारी प्रशासनमा समयसापेक्ष सुधारहरू ल्याउन नेपाल सरकारलाई सुझाव दिने ।

ङ) कर्मचारी प्रशासनलाई निष्पक्ष, निर्भिक एवं तटस्थ बनाउन प्रयत्नशील रहने ।

च) निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी एवं गतिशील बनाई नागरिकमैत्री प्रशासन मार्फत सुशासन कायम गर्न प्रत्यनशिल रहने ।

छ) नेपाल सरकारको मन्त्रालय, विभाग, कार्यालय वा अन्य कुनै निकायको तर्फबाट प्रतिनिधित्व हुनेमा बाहेक कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, कार्यक्रम, समारोह आदिमा संगठनको प्रतिनिधित्व गराउने ।

ज) निजामती सेवासँग सम्बद्ध विदेशी वा अन्तर्राष्ट्रिय संगठनहरूसँग समानताको आधारमा सम्बन्ध स्थापना गर्ने ।

झ) कर्मचारीवर्गको हकहितमा असर नपर्ने गरी प्रशासन क्षेत्रमा सञ्चालन हुने कुनै पनि संगठनात्मक सुधार कार्यक्रम तथा यस सम्बन्धी

नीति निर्माणको लागि गठित संगठित संस्था, समिति वा कार्यदलमा प्रतिनिधित्व गर्ने ।

ञ) निजामती कर्मचारीहरूले निजामती सेवासँग सम्बन्धित ऐन, कानून तथा नियम बमोजिम पाउनु पर्ने कुनै सुविधा नपाएमा तथा कुनै कर्मचारी आफुलाई परेको पिर/मर्का सम्बन्धित न्यायिक निकायहरूमा गई त्यस्ता पिर/मर्काहरूको निराकरण गर्ने गरी सम्बन्धित निकायहरूबाट निर्णय भएकोमा कुनै प्रशासनिक इकाईबाट त्यस्तो निर्णयको कार्यान्वयन नभएमा त्यस्ता कर्मचारीको निवेदनको आधारमा कर्मचारी संगठनले त्यस्तो कर्मचारीलाई आवश्यक सहयोग पुऱ्याउने ।

ट) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग राष्ट्रियस्तरको ट्रेड यूनियनको हैसियतले सामाजिक सम्वाद र सामूहिक सौदाबाजी गर्ने ।

ठ) पेशागत हकहितसँग सम्बन्धित विभिन्न सरकारी वा अर्धसरकारी संघ संस्थाहरूसँग राष्ट्रियस्तर ट्रेड युनियनको आधारमा सम्बन्ध स्थापना गर्ने र समन्वय गर्ने ।

ड) आधिकारिक ट्रेड यूनियन निर्वाचनमा श्रेष्ठता हासिल गर्ने उद्देश्यकासाथ प्रतिस्पर्धामा सहभागी हुने ।

ण) समान विचार र उद्देश्यको आधारमा संगठनले उपयुक्त ठानेको राष्ट्रिय संघ/महासंघ र अन्तर्राष्ट्रिय ट्रेड यूनियन संघ/महासंघमा आबद्ध हुने ।

त) कुनै व्यक्तिले प्रशासनिक ढिलासुस्ती गर्ने वा निजामती क्षेत्रमा विकृति ल्याउने कर्मचारीका विरुद्ध संगठन समक्ष लिखित निवेदन प्राप्त भएमा निवेदकलाई आवश्यक मद्दत गर्ने ।

थ) निजामती सेवा ऐन तथा नियमावली अनुसारका अन्य काम कर्तव्य र अधिकारहरू लागू गराउन पैरवी गर्ने ।

द) नेपाल सरकारसँग सामूहिक सौदाबाजीका लागि आधिकारिक ट्रेड यूनियनलाई नीतिगत विषयहरूमा सुझाव पेश गर्ने र संगठनको तर्फबाट प्रतिनिधित्व गर्ने पदाधिकारी सदस्यहरूलाई सुझाव कार्यान्वयनका लागि निर्देशन गर्ने ।

ध) नेपाल निजामती कर्मचारी संगठनलाई निजामती क्षेत्रको सबैभन्दा ठूलो राष्ट्रियस्तरको ट्रेड युनियनको रुपमा स्थापित गर्न थप क्रियाशील बनाउन आवश्यक नीति, योजना र कार्यक्रम निर्माण गरी क्रियाशिल हुने ।

न) आधिकारिक ट्रेड युनियनको निर्वाचनमा घोषणा पत्र तयार गर्ने र संगठनका सबै कार्यसमिति एवं सदस्यहरूलाई परिचालन गरी प्रचार-प्रसार कार्यलाई व्यवस्थित गर्ने ।

प) संगठनद्धारा गठित विभिन्न आयोग, समिति र उपसमितिबाट प्राप्त अध्ययन प्रतिवेदन प्राप्त गर्ने र मूल्याङकन गरी कार्यान्वयनमा ल्याउन सुझाव दिने ।

फ) नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लि. हरूको विस्तार, सवलिकरणका माध्यमबाट संगठनका सबै सदस्यहरूको आर्थिक, सामाजिक उन्नयनमा योगदान गर्ने ।

ब) निजामती कर्मचारी संग सरोकारित निकायहरूमा संगठनको तर्फवाट आवश्यक प्रतिनिधित्व गर्ने ।

भ) अवकाश प्राप्त कर्मचारीहरूले प्राप्त गरेको ज्ञान, सीपको उचित सदुपयोगको वातावरण निर्माण गर्दै उनीहरूको सुविधाको बढोत्तरीको लागि आबश्यक पहल गर्ने ।

८. **<u>सदस्यको प्रकार र योग्यता :</u>** (१) संगठनमा देहाय बमोजिमका सदस्यहरू रहने छन् :

**क)** **सदस्यः** निजामती सेवा ऐन, २०४९ (दोस्रो सशोधन, २०६४), स्वास्थ्य सेवा ऐन, २०५३, संसद सेवा ऐन, २०५८, स्थानीय स्वायत्त शासन ऐन, २०५५ र विकास समिति ऐन, २०१३, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन बमोजिम सदस्य बन्न पाउने संघ, प्रदेश र स्थानीय तहमा कार्यरत जुनसुकै कर्मचारी संगठनको साधारण सदस्य बन्न सक्नेछन् ।

**ख)** **मानार्थ सदस्यः** निजामती सेवालाई सम्मानित बनाउन रचनात्मक योगदान पुर्‍याउने, नेपालका सेवा निवृत्त कर्मचारी वा विदेशका

बहालवाला वा सेवा निवृत्त कर्मचारीलाई महाधिवेशनले उचित ठहऱ्याएमा मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

९. **सदस्यता शुल्क :**

१) नेपाल निजामती कर्मचारी संगठनको नयाँ सदस्यता प्राप्त गर्दा तथा सदस्यता नविकरण गर्दा तोकिए बमोजिमको शुल्क लाग्नेछ

२) सदस्यताको अवधि सदस्यता प्राप्त गरेको पछिल्लो आर्थिक वर्षको असोज मसान्तसम्म कायम रहनेछ ।

३) संगठनका केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति, जिल्ला/विभागीय र पालिका कार्यसमितिका पदाधिकारी, सदस्यहरूले आफ्नो कार्यअवधि भरको ले.वी., सदस्यता शुल्क र कल्याणकोषको रकम आफू निर्वाचित भएको कार्यसमितिमा एकमुष्ट रूपमा बुझाउनु पर्नेछ ।

४) नयाँ सदस्यता वितरण एवं सदस्यता नविकरण गर्दा सदस्यता शुल्क र सदस्यसँग "कर्मचारी कल्याण कोष" बापतको रकम कर्मचारी कल्याण कोष निर्देशिकामा तोकिएको शुल्क अनिवार्य रूपमा बुझाउनु पर्नेछ ।

१०. **सदस्यता कायम नरहने :** (१) देहायको अवस्थामा कर्मचारीको सदस्यता कायम रहने छैन :

क) सेवाबाट निवृत्त भएमा ।

ख) दफा ९ बमोजिमको शुल्क नबुझाएमा ।

ग) दफा ११ बमोजिम सदस्यतावाट हटाइएमा ।

घ) दफा ६४ बमोजिम सदस्यताबाट राजीनामा दिएमा ।

ङ) अन्य ट्रेड युनियनको सदस्य बनेमा ।

च) निजको मृत्यु भएमा ।

११. **सदस्यता निलम्वन गर्ने वा सदस्यताबाट हटाउने :**

१) कुनै पनि कर्मचारीले संगठनको उद्देश्य र कर्मचारीको हित विपरीत हुने कुनै काम गरेमा वा यस विधान बमोजिम आचरण पालना नगरेमा सम्बन्धित कार्य समितिको दुई तिहाई बहुमतले निजको सदस्यता

निलम्वन गर्न वा निजलाई सदस्यताबाट हटाउन सकिनेछ । त्यसरी हटाइएको कर्मचारीले आफ्नो आचरण सुधार गरेमा पुनः सदस्यता प्रदान गर्न बाधा परेको मानिने छैन ।

तर यसरी सदस्यताबाट निलम्बन गर्दा वा सदस्यताबाट हटाउँदा निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइने छ । यसरी भएको निर्णय माथिल्लो कार्यसमिति र केन्द्रीय कार्यसमितिलाई जानकारी गराउनु पर्नेछ ।

१२. **संगठन संलग्न नहुने :** संगठनको सदस्य बन्न पाउने अवस्थामा सदस्य नरहेको कुनै पनि कर्मचारीको हकहितको लागि संलग्न हुन संगठन बाध्य हुनेछैन ।

१३. **सदस्यको आचरण :** (१) संगठनको प्रत्येक सदस्यले पालना गर्नुपर्ने आचरण देहाय बमोजिम हुनेछ :

क) संगठनको हित र उद्देश्य विरुद्ध कुनै पनि काम कारवाही गर्नु गराउनु हुँदैन ।

ख) संगठनको सम्बर्द्धन, संरक्षण तथा सुदृढीकरणको लागि सदैव प्रयत्नशील एवं चिन्तनशील रहनु पर्नेछ र संगठनप्रति घृणा, द्वेष, अवहेलना वा अनास्था हुने गरी कुनै काम कारवाही गर्नु गराउनु हुँदैन ।

तर संगठनको काम कारवाहीका सम्बन्धमा स्वस्थ एवं रचनात्मक आलोचना गर्न बाधा पर्ने छैन ।

ग) निजामती सेवालाई गरिमामय बनाउन सधैं प्रयत्नशील रहनु पर्नेछ ।

घ) संगठनको महाधिवेशन, अधिवेशन, परिषद् वा कार्यसमितिद्वारा पारित भएका नीति तथा निर्णयहरू पालना गर्नु पर्नेछ ।

ङ) संगठनलाई साझा, निष्पक्ष एवं तटस्थ बनाउन प्रयत्नशील रहनु पर्नेछ ।

च) संगठनको गोपनीयता प्रकाशमा ल्याउनु हुँदैन ।

छ) संगठनको उद्देश्य विपरित खडा भएको वा संगठनको उद्देश्यलाई प्रतिकूल असर पर्ने काम कारवाहीमा संलग्न रहेको कुनै पनि संगठनको सदस्यता लिनु हुँदैन वा त्यस्तो संगठन खोल्नु वा स्थापना गर्नु गराउनु हुँदैन ।

ज) संगठनलाई बुझाउनु पर्ने सबै प्रकारका आर्थिक दायित्व वापतको रकम यथासमयमा बुझाउनु पर्नेछ ।

झ) संगठनले सञ्चालन गर्ने हरेक क्रियाकलापमा सहभागिता जनाउनु पर्नेछ ।

ञ) संगठनको उद्देश्य र भावनाको प्रतिकुल हुने गरी कुनै पनी सामाजिक सञ्जाल, सामाग्री प्रकाशन एवं प्रशारण गर्न पाईने छैन ।

ट) नागरिक सेवालाई सरल, सहज र पहुँचयोग्य बनाउन हरेक निकायमा आवश्यक सहजिकरण गर्नु पर्नेछ।

## परिच्छेद- ५

# संगठनको स्वरूप

१४. **संगठनात्मक स्वरूप :** (१) संगठनमा देहाय बमोजिमका अधिवेशन र कार्य समितिहरू रहनेछन् :

क) प्रारम्भिक अधिवेशन

ख) प्रारम्भिक कार्य समिति

ग) पालिका अधिवेशन

घ) पालिका कार्य समिति

ङ) जिल्ला/विभागीय अधिवेशन

च) जिल्ला/विभागीय कार्य समिति

छ) प्रदेश अधिवेशन

ज) प्रदेश कार्य समिति

झ) महाधिवेशन

ञ) केन्द्रीय कार्य समिति

२. **कार्यसमितिहरूको काम, कर्तव्य र अधिकार**

**क) प्रारम्भिक कार्य समितिको काम, कर्तव्य र अधिकारः**

विधान र विनियमको अधिनमा रही संगठनको प्रारम्भिक कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) सदस्यता वितरण तथा नविकरण गर्ने ।

(२) सदस्यता परिचय-पत्र वितरण गर्ने ।

(३) माथिल्लो कार्यसमितिबाट प्राप्त निर्णय तथा निर्देशन पालना गर्ने, गराउने ।

(४) प्रारम्भिक अधिवेशनको आयोजना गर्न र अधिवेशनमा प्रस्तुत गरिने नीति तथा कार्यक्रम र बजेटको प्रस्ताव तयार गरी पारित गर्ने ।

(५) प्रारम्भिक तहमै समस्या समाधान गर्ने, पूरा गर्न सकिने समस्या वा मागको पहिचान गरी सम्बन्धित निकायमा पेश गरी वार्ता, सम्वाद, छलफल गर्ने सो को जानकारी सम्वन्धित जिल्ला/विभागीय कार्यसमितिलाई दिने ।

(६) समाधान हुन नसक्ने समस्या वा माग समाधान गर्न सम्वन्धित जिल्ला/विभागीय कार्यसमितिलाई अनुरोध गर्ने ।

(७) विभिन्न रचनात्मक तथा सिर्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।

**(ख) पालिका कार्य समितिको काम, कर्तव्य र अधिकारः**

पालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सदस्यता वितरण तथा नविकरण गर्ने ।

(२) सदस्यता परिचय-पत्र वितरण गर्ने ।

(३) माथिल्लो कार्य समितिबाट प्राप्त निर्णय तथा निर्देशनको पालना गर्ने, गराउने ।

(४) पालिका अधिवेशनको आयोजना गर्ने, अधिवेशनमा प्रस्तुत गरिने नीति तथा कार्यक्रम र बजेटको प्रस्ताव तयार गरी पारित गर्ने

(५) पालिका तहमै समस्या समाधान गर्ने, पूरा गर्न सकिने समस्या वा मागको पहिचान गरी सम्बन्धित निकायमा पेश गर्ने, वार्ता, सम्वाद, छलफल गर्ने सो को जानकारी सम्वन्धित जिल्ला कार्यसमितिलाई गराउने ।

(६) समाधान हुन नसक्ने समस्या वा माग समाधान गर्न माथिल्लो कार्य समितिमा अनुरोध गर्ने ।

(७) विभिन्न रचनात्मक र सिर्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने

**(ग) जिल्ला/विभागीय कार्यसमितिको काम, कर्तव्य र अधिकारः**
जिल्ला/विभागीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सदस्यता वितरण तथा नविकरण गर्ने ।

(२) सदस्यता परिचय-पत्र वितरण गर्ने ।

(३) जिल्ला ⁄ विभागीय अधिवेशन, जिल्ला परिषद्, प्रदेश अधिवेशन, प्रदेश परिषद्, महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय कार्य समितिका बैठकका निर्णय तथा निर्देशनको पालना गर्ने, सो को कार्यान्वयन गर्ने, गराउने ।

(४) आफू मातहतका कार्यसमितिका काम कारवाहीमा समन्वय र सहयोग गर्ने ।

(५) जिल्ला ⁄ विभागीय अधिवेशन, जिल्ला ⁄ विभागीय परिषद् आयोजना गर्ने र अधिवेशन तथा परिषद्का लागि प्रस्ताव तयार गर्ने ।

(६) जिल्ला ⁄ विभागीय तहमा नै पूरा हुने वा समाधान हुन सक्ने संगठनको उद्देश्यसँग सम्बन्धित माग वा समस्या पहिचान गरी सम्बन्धित निकायमा पेश गर्ने, वार्ता, सम्वाद, छलफल गर्ने सो को जानकारी प्रदेश वा केन्द्रीय कार्य समितिलाई गराउने ।

(७) जिल्ला ⁄ विभागीय तहमा समाधान हुन नसक्ने माग वा समस्या पूरा गराउन, समाधान गर्न प्रदेश वा केन्द्रीय कार्यसमितिलाई अनुरोध गर्ने ।

(८) विभिन्न रचनात्मक तथा सिर्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।

(९) मातहतका अधिवेशन वा कार्यसमितिले पठाएका सुझाव वा माग सम्बन्धमा अध्ययन गरी सूचिबद्ध गर्ने र सो को कार्यान्वयन गर्न, पूरा गर्न आवश्यक कदम उठाउने ।

(१०) मातहत अधिवेशन वा कार्यसमितिबाट प्राप्त वा जिल्ला ⁄ विभागीय कार्यसमितिद्वारा नै उठाईएका कर्मचारीको पेसागत हकहित सँग सम्बन्धित समस्या, माग कुनै सेवा समूह वा उप-समूहसँग सम्बन्धित भएमा सम्बन्धित सेवा, समूह वा उप-समूहसँग सम्बन्धित समन्वय समितिमा समयमै पठाउने ।

(११) निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनमा प्रतिनिधि पठाउने, निर्देशन दिने र फिर्ता बोलाउने ।

(१२) माग-पत्र पेश गर्ने, सामूहिक सौदाबाजी, वार्ता, सम्वाद, छलफल गर्ने र सम्झौता गर्ने । उपरोक्त कामको लागि माथिल्लो कमिटीसँग समन्वय गर्ने ।

(१३) संगठनको अभिभावकत्वमा संञ्चालित राष्ट्रसेवक सहकारी संस्था लिमिटेड स्थापना, सञ्चालन तथा ब्यवस्थापनका लागि समन्वय र सहजिकरण गर्ने ।

(१४) आवश्यकतानुसार सल्लाहकार समितिको गठन गर्ने ।

(१५) जिल्ला कार्य समिति सम्वद्ध पेसागत महासंघ नेपाल लगायत अन्य पेशाकर्मी ट्रेड युनियन, संघ संस्थासँग समन्वय र सहकार्य गर्ने

**(घ)** **<u>प्रदेश कार्य समितिको काम, कर्तव्य र अधिकार</u>:** प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय कार्यसमिति, सचिवालय र पदाधिकारी बैठकका निर्णय तथा निर्देशन र विभिन्न राष्ट्रिय भेलाका निर्णयको पालना गर्ने, सो को कार्यान्वयन गर्ने, गराउने ।

(२) मातहतका कार्यसमितिका काम कारवाहीमा निर्देशन, समन्वय र सहयोग गर्ने ।

(३) प्रदेश अन्तर्गतका काम कारवाहीलाई समन्वय गरी केन्द्रमा आवश्यक जानकारी गराउने ।

(४) प्रदेश अधिवेशन र प्रदेश परिषद्को आयोजना गर्ने ।

(५) आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्ने ।

(६) प्रदेशस्तरमा नै पूरा हुने वा समाधान हुन सक्ने संगठनको उद्देश्यसँग सम्बन्धित माग वा समस्याको पहिचान गरी सोही बमोजिम ती माग वा समस्या प्रदेश सरकार वा सम्बन्धित निकायमा पेश गर्ने, वार्ता, सम्वाद, छलफल,सौदावाजी गर्ने र केन्द्रीय कार्य समितिसँग समन्वय गरी सहयोग लिने ।

(७) विभिन्न रचनात्मक तथा सिर्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।

(८) आफू मातहतका जिल्ला/विभागीय अधिवेशन वा कार्य समितिले पठाएका सुझाव वा माग अध्ययन गरी सूचिबद्ध गर्ने र सो को कार्यान्वयन गर्न आवश्यक कदम चाल्ने ।

(९) सामूहिक सौदाबाजी, वार्ता, सम्वाद, छलफल गर्ने, मागपत्र, ज्ञापन-पत्र पेश गर्ने, आवश्यकता बमोजिम सम्झौता गर्ने/गराउने, सो को लागि केन्द्रीय कार्यसमिति सँग समन्वय गर्ने ।

(१०) कार्य समितिको नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने, गराउने ।

(११) प्रदेश भित्रका राष्ट्रसेवक सहकारी संस्थाहरूको समन्वय, सहजिकरण र प्रवद्धनात्मक कार्य गर्ने ।

(१२) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको कार्य समितिमा प्रतिनिधि पठाउने, फिर्ता बोलाउने र आवश्यक निर्देशन दिने ।

**(ङ) केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकारः**

केन्द्रीय कार्यसमितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) महाधिवेशन र केन्द्रीय परिषद्ले दिएका निर्देशनको पालना गर्दै, निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(२) महाधिवेशन र केन्द्रीय परिषद्ले गरेका निर्णय मातहतका अधिवेशन तथा कार्य समितिलाई ७ दिन भित्र उपलब्ध गर्ने, गराउने ।

(३) संगठनका अधिवेशन तथा कार्यसमितिको बीचमा समन्वय स्थापना गर्ने र केन्द्रीय समन्वय कर्ताको रूपमा काम गर्ने ।

(४) कर्मचारीहरूका पेसागत हकहितको विषयमा निर्णय गर्ने, महाधिवेशन तथा केन्द्रीय परिषद्को मार्गनिर्देशन तथा निर्णयको अधिनमा रही केन्द्रीय निकायको रूपमा काम गर्ने ।

(५) महाधिवेशन तथा विशेष महाधिवेशन बोलाउने, प्रस्ताव तयार

गरी पेश गर्ने, मातहतका अधिवेशन तथा कार्य समितिले पठाएका प्रस्ताव तथा सुझाव सूचिबद्ध गरी निर्णय गर्ने र महाधिवेशन तथा केन्द्रीय परिषद्मा पेश गर्ने ।

(६) मातहतका अधिवेशन तथा कार्य समितिलाई समय समयमा आवश्यक अनुगमन, नियन्त्रण, मार्गनिर्देश गर्ने ।

(७) मातहतका अधिवेशन तथा कार्य समितिबाट प्राप्त सुझाव तथा माग कार्यान्वयनको लागि कदम चाल्ने र सम्बन्धित कार्यसमितिलाई जानकारी दिने ।

(८) कर्मचारीका पेसागत हकहितको संरक्षण, सम्वर्द्धनका लागि सम्बन्धित निकायमा माग-पत्र, ज्ञापन-पत्र पेश गर्ने, वार्ता, सम्वाद, छलफल गर्ने र माग पूरा गर्नको लागि कदम चाल्ने ।

(९) संगठनको उद्देश्य पूर्तिको लागि आवश्यक रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने, गराउने ।

(१०) आवश्यकतानुसार विभिन्न समितिको गठन गर्ने, गठन गर्न स्वीकृति दिने ।

(११) केन्द्रीय सचिवालयको गठन गर्ने ।

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पेसागत संघ, संगठनसँग सुमधुर सम्बन्ध कायम गर्ने ।

(१३) संगठनको विधान बमोजिम रिक्त केन्द्रीय कार्यसमिति र केन्द्रीय परिषद् सदस्यको मनोनयन गर्ने ।

(१४) विधानको अधिनमा रही विनियम, निर्देशिका, कार्यविधि आदि बनाउने ।

(१५) संगठनका पदाधिकारी तथा सदस्यहरूको जिम्मेवारी तोक्ने, जिम्मेवारी हेरफेर गर्ने ।

(१६) विधान, विनियम, निर्देशिका, कार्यविधिहरूको पालना भए नभएको समय-समयमा अनुगमन गरी नियन्त्रण र निर्देशन दिने

(१७) केन्द्रीय आयोगहरूको काम कार्यवाहीको अनुगमन गर्ने ।

(१८) संगठनका कार्यलाई व्यवस्थित बनाउन विभागहरू गठन, पुनर्गठन गर्ने ।

(१९) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको कार्यसमितिमा प्रतिनिधि पठाउने, फिर्ता बोलाउने र आवश्यक निर्देशन दिने

(२०) पेसागत महासंघ नेपाल, TUI–PS&A लगायतका संस्थाहरूमा प्रतिनिधी पठाउने ।

(२१) संगठनको तर्फबाट कुनै निकाय वा समारोहमा केन्द्रीय स्तरको प्रतिनिधित्व गराउनु पर्दा प्रतिनिधि नियुक्त गर्ने ।

(२२) जनता संग कर्मचारी संगठन, संगठन सुदृढीकरण अभियान जस्ता विशेष कार्यक्रमहरू संचालन गर्ने ।

(२३) नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्थाहरूको प्रवर्द्धनको लागि कार्ययोजना र संरचनाहरू बनाई सहजिकरण गर्ने ।

(२४) स्पष्ट उल्लेख नभएका विषयहरूमा निर्णय गर्ने ।

१५. **प्रदेश मन्त्रालय विभागीय कार्यसमितिः** यस विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रालय विभागीय कार्यसमिति, पालिका कार्यसमिति वा सो सरह रहनेछ ।

# अधिवेशन सम्बन्धी व्यवस्था

१६. **प्रारम्भिक अधिवेशन :** (१) प्रत्येक कार्यालय, विभाग, संवैधानिक अंग/आयोगहरूमा कार्यरत सदस्यता प्राप्त कर्मचारीहरू प्रारम्भिक अधिवेशनका प्रतिनिधि हुनेछन् ।

१७. **प्रारम्भिक कार्य समिति :**

१) प्रारम्भिक अधिवेशनका प्रतिनिधिहरूले आफूमध्येबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरू भएको प्रारम्भिक कार्य समिति गठन गर्नेछन् ।

२) उपदफा (१) बमोजिमको प्रारम्भिक कार्य समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरू भएको बढीमा ९ सदस्यीय प्रारम्भिक कार्य समिति रहनेछ ।

क) अध्यक्ष - १ (एक)

ख) उपाध्यक्ष - १ (एक)

ग) सचिव - १ (एक)

घ) कोषाध्यक्ष - १ (एक)

ङ) सदस्य - ५ (पाँच)

३) उपदफा २(ङ) बमोजिम सदस्यको निर्वाचन गर्दा कम्तीमा दुई जना महिला, एक जना समावेशी र दुई जना खुला क्षेत्रवाट निर्वाचन गराउनु पर्नेछ ।

४) उपदफा (२) बमोजिम प्रारम्भिक कार्य समिति गठन हुन नसकेका कार्यालयका सदस्यहरू सम्बन्धित जिल्ला/विभागीय कार्य समितिले व्यवस्था गरे बमोजिम संगठित हुन पाउने छन् ।

५) प्रारम्भिक कार्यसमिति रहेको कार्यालयमा कार्यरत प्रारम्भिक कार्यसमिति भन्दा माथिल्लो सबै कार्यसमितिका पदाधिकारी सदस्यहरू सम्बन्धित प्रारम्भिक कार्यसमितिको पदेन सदस्य हुनेछन् ।

६) प्रारम्भिक कार्य समितिको अध्यक्ष जिल्ला/विभागीय कार्य समितिको पदेन सदस्य रहने छ ।

७) प्रारम्भिक कार्यसमिति गठन हुन नसक्ने अवस्था भएमा माथिल्लो कार्यसमितिबाट सम्पर्क व्यक्ति तोकि संगठनको कामलाई व्यवस्थित गरिने छ ।

१७(१) **पालिका अधिवेशनः** प्रत्येक पालिकामा कार्यरत सम्पुर्ण सदस्यहरू पालिका अधिवेशन प्रतिनिधि हुनेछन्

१७(२) **पालिका कार्यसमितिः**

(१) प्रत्येक पालिका स्तरमा सो पालिकामा रहेका संगठनको सदस्यहरू मध्ये अधिवेशनवाट निर्वाचित देहायका पदाधिकारी, सदस्यहरू रहेको एक पालिका कार्यसमिति रहने छ । पालिका कार्य समिति सदस्य संख्याको आधारमा देहाय बमोजिम गठन हुनेछ ।

२.क) २०० जना सम्म सदस्य संख्या भएको पालिकामा देहाय बमोजिम बढीमा तेह्र सदस्यीय पालिका कार्य समिति रहनेछ ।

क) अध्यक्ष - १ (एक)

ख) उपाध्यक्ष - १ (एक)

ग) सचिव - १ (एक)

घ) कोषाध्यक्ष - १ (एक)

ङ) सदस्य - ९ (नौ)

ख) उपदफा १.क को (ङ) बमोजिम सदस्यको निर्वाचन गर्दा कम्तीमा दुई जना महिला, दुई जना समावेशी (जनजाती,मधेशी र दलित),चालीस वर्ष भन्दा कम (युवा) एक जना, श्रेणी विहिन एक जना र तीन जना खुला क्षेत्रवाट निर्वाचन गराउनु पर्नेछ ।

३.क) २०० जना भन्दा बढी संगठनका सदस्य संख्या भएको पालिकामा देहाय बमोजिम बढीमा उन्नाईस सदस्यीय पालिका कार्य समिति रहनेछ ।

क) अध्यक्ष - १ (एक)

ख) उपाध्यक्ष - कम्तीमा १ जना महिला सहित २ (दुई)

ग) सचिव - १ (एक)

घ) कोषाध्यक्ष - १ (एक)

ङ) सदस्य - १४ (चौध)

ख) उपदफा ३.क को (ङ) बमोजिम सदस्यको निर्वाचन गर्दा कम्तीमा चार जना महिला, तीन जना समावेशी (जनजाती,मधेशी र दलित),चालीस वर्ष भन्दा कम (युवा) एक जना, श्रेणी विहिन एक जना र पाँच जना खुला क्षेत्रवाट निर्वाचन गराउनु पर्नेछ

(४) समावेशी पदमा उम्मेदवारी नपरेमा खुला क्षेत्रबाट पदपूर्ति गर्न बाधा पर्ने छैन् ।

(५) पालिका कार्यसमितिका अध्यक्षहरू जिल्ला कार्यसमितिका पदेन सदस्य रहने छन् ।

१८. **जिल्ला अधिवेशनः**

प्रत्येक जिल्लामा सो जिल्ला अन्तर्गतका सबै कार्यालयमा रहेका सम्पूर्ण सदस्यहरू जिल्ला अधिवेशनका प्रतिनिधि हुनेछन् ।

१९. **जिल्ला कार्य समिति :**

(१) प्रत्येक जिल्लामा सो जिल्ला भरिका सदस्यहरू मध्येबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरू भएको एक जिल्ला कार्य समिति गठन हुनेछ ।

(२) (क) देहायका पदाधिकारी सदस्य रहेको बढीमा उन्नाईस सदस्यीय जिल्ला कार्य समिति रहनेछ ।

क) अध्यक्ष - १ (एक)

ख) उपाध्यक्ष - कम्तीमा १ जना महिला सहित २ (दुई)

ग) सचिव - १ (एक)

घ) सहसचिव - १ (एक)

ङ) कोषाध्यक्ष - १ (एक)

च) सदस्य - १३ (तेह्र)

ख) उपदफा २.क को (च) बमोजिम सदस्यको निर्वाचन गर्दा कम्तीमा चार जना महिला, एक जनजाती/अपागं, एक जना मधेशी/दलित, एक जना चालीस वर्ष भन्दा कम (युवा), एक जना श्रेणी विहिन, एक जना प्रदेशका कर्मचारी मध्येवाट, एक जना स्थानीयका कर्मचारी मध्येवाट र तीन जना खुला क्षेत्रवाट निर्वाचन गराउनु पर्नेछ ।

३) यो दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि काठमाडौं उपत्यका बाहिरका कुनै मन्त्रालय, संवैधानिक अंग अन्तर्गतका केन्द्रीयस्तरका कार्यालयहरूमा कार्यरत कर्मचारीहरू सम्बन्धित जिल्ला अधिवेशन तथा जिल्ला कार्य समिति मातहत संगठित हुनेछन् ।

(४) दफा २७ बमोजिम महाधिवेशनको लागि निर्वाचित केन्द्रीय प्रतिनिधि सम्बन्धित जिल्ला कार्य समितिको पदेन सदस्य हुनेछ ।

२०. **जिल्ला परिषद् :**

जिल्ला स्थित संगठनका सम्पूर्ण सदस्यहरू रहेको जिल्ला परिषद् गठन हुनेछ । जिल्ला परिषद दुई वटा जिल्ला अधिवेशनको वीचमा वर्षमा एक पटक वस्नेछ । सो परिषद्ले अधिवेशन पश्चात जिल्ला कार्य समितिवाट परिषद् अगाडिसम्म गरिएका कामको समिक्षा गर्ने र आगामी दिनमा संगठनलाई अगाडि वढाउन मार्गदर्शन गर्दै आवश्यक निर्देशन दिन सक्नेछ।

२१. **विभागीय अधिवेशन :**

नेपाल सरकारका मन्त्रालय र मन्त्रालय अर्न्तगत विभाग वा केन्द्रीयस्तरका कार्यालय, केन्द्रीयस्तरका सचिवालय, सवैधानिक अंग/आयोगहरूमा कार्यरत संगठनका सदस्यहरू विभागीय अधिवेशनका प्रतिनिधि हुनेछन ।

२२. **विभागीय कार्य समिति :**

१) नेपाल सरकारका मन्त्रालय र मन्त्रालय अर्न्तगत विभाग वा केन्द्रीयस्तरका कार्यालय, केन्द्रीयस्तरका सचिवालय, सवैधानिक अंग/आयोगहरूमा कार्यरत सम्पूर्ण सदस्यहरू मध्ये वाट बहुमतद्धारा

निर्वाचित पदाधिकारी सदस्य भएको एक विभागीय कार्य समिति गठन हुनेछ ।

(२) (क) देहायका पदाधिकारी सदस्य रहेको बढीमा उन्नाईस सदस्यीय विभागीय कार्य समिति रहनेछ ।

| | |
|---|---|
| क) अध्यक्ष | - १ (एक) |
| ख) उपाध्यक्ष | - कम्तीम १ जना महिला सहित २ (दुई) |
| ग) सचिव | - १ (एक) |
| घ) सहसचिव | - १ (एक) |
| ङ) कोषाध्यक्ष | - १ (एक) |
| च) सदस्य | - १३ (तेह्र) |

ख) उपदफा २.क को (च) बमोजिम सदस्यको निर्वाचन गर्दा कम्तीमा चार जना महिला, एक जनजाती/अपागं, एक जना मधेशी, एक जना दलित, एक जना चालीस वर्ष भन्दा कम (युवा), एक जना श्रेणी विहिन, र चार जना खुला क्षेत्रवाट निर्वाचन गराउनु पर्नेछ ।

३) सम्बन्धित विभागीय अधिवेशनबाट माथिल्लो कार्यसमितिमा निर्वाचित व्यक्ति सम्बन्धित विभागीय कार्य समितिका पदेन सदस्य हुनेछन् ।

४) विभागीय कार्य समितिले आफ्नो कार्यक्षेत्रभित्र सामूहिक सौदावाजी गर्न सक्नेछ ।

५) विशिष्ट श्रेणी भन्दा मुनिको पदमा कार्यरत कर्मचारीले नेतृत्व गरेको संबैधानिक आयोग वा निकायमा कार्यरत कर्मचारीहरू सम्बन्धीत मन्त्रालय विभागीय कार्यसमितिमा समावेश गरी विभागीय कार्यसमिति गठन गरिनेछ ।

६) माथि निर्धारित समावेशी पदमा उम्मेदवार नभई तोकिएको पदपूर्ति हुन नसकेमा खुल्ला निर्वाचन क्षेत्रवाट पदपूर्ति गर्न वाधा पर्ने छैन ।

२३. **विभागीय परिषद् :**

विभागीय कार्य समिति अन्तर्गतका सम्पूर्ण सदस्यहरू रहेको विभागीय परिषद् हुनेछ । विभागीय परिषद् दुई वटा विभागीय अधिवेशनको वीचमा वर्षमा एक पटक वस्नेछ । सो परिषद्ले विभागीय कार्य समितिले परिषद् अगाडिसम्म गरेका कामहरूको समिक्षा गर्ने र आगामी दिनमा संगठनलाई अगाडि बढाउन आवश्यक मार्गदर्शन एवं निर्देशन दिनेछ ।

२४. **प्रदेश अधिवेशन :**

१. देहायका प्रादेशिक प्रतिनिधिहरू भएको प्रादेशिक सभालाई प्रदेश अधिवेशन भनिन्छ ।जसमा देहायका प्रतिनिधिहरू सहभागी हुनेछन ।

क. मातहतका जिल्ला/विभागीय अधिवेशनका सम्पूर्ण सदस्यहरूमध्ये प्रत्येक दुईसय सम्मबाट कम्तीमा एक जना महिला सहित दुई जनाका दरले र दुईसय भन्दा माथि प्रत्येक एकसय थप सदस्य भएकोमा एक जनाका दरले निर्वाचित प्रदेश अधिवेशन प्रतिनिधिहरू

ख. प्रदेशभित्रका जिल्ला/विभागीय कार्यसमितिका अध्यक्षहरू,

ग. तत्काल कायम रहेका प्रदेश कार्य समितिका पदाधिकारी/सदस्यहरू,

घ. सम्बन्धित प्रदेश मातहत प्रत्येक जिल्लामा जिल्ला अधिवेशनबाट तत्काल कायम राष्ट्रसेवक सहकारी सञ्चालक मध्येबाट उम्मेदवारी दिई संगठनका सदस्यहरूबाट निर्वाचित हुने प्रादेशिक प्रतिनिधिहरू

ङ संगठनको प्रतिनिधित्व गर्ने जिल्ला/विभागीय, आधिकारिक ट्रेड यूनियनका अध्यक्षहरू

च. प्रदेश स्तरको आधिकारिक ट्रेड यूनियनका संगठन पक्षीय पदाधिकारी सदस्यहरू

छ. सवारी चालक, माली, कुचिकार, हुलाकी, हल्कारा, बनरक्षक र श्रेणी विहिन कर्मचारीमध्ये प्रदेश कार्य समितिबाट मनोनयन हुने बढीमा पाँच जना ।

ज)  महिला, जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएका क्षेत्रका कर्मचारी मध्ये प्रदेश कार्यसमितिबाट मनोनयन हुने बढीमा पाँच जना ।

झ. निर्वाचित कूल प्रादेशिक प्रतिनिधिहरूको दुई प्रतिशतमा नबढ्ने गरी प्रदेश कार्यसमितिले उपयुक्त ठहऱ्याएका सदस्यहरूमध्ये प्रदेश प्रतिनिधिहरू मनोनित गर्न सक्नेछ ।

## २५. प्रदेश कार्य समितिः

१)  प्रत्येक प्रदेशमा देहायका पदाधिकारी सदस्यहरु रहेको बढीमा पच्चिस सदस्यीय एक प्रदेश कार्य समिति रहने छ ।

क) अध्यक्ष - १ (एक)

ख) उपाध्यक्ष - कम्तीमा १ जना महिला सहित २ (दुई)

ग) महासचिव - १ (एक)

घ) सचिव - ३ (तीन), २ खुला र १ समावेशी

ङ) कोषाध्यक्ष - १ (एक)

च) सदस्य - १७ (सत्र)

ख)  उपदफा १ को (च) बमोजिम सदस्यको निर्वाचन गर्दा कम्तीमा चार जना महिला, एक जनजाती/अपांग, एक जना मधेशी, एक जना दलित, एक जना चालीस बर्ष भन्दा कम (युवा), एक जना श्रेणी विहिन, एक जना संघीय निकायमा कार्यरत मध्येवाट, एक जना प्रदेशमा कार्यरत मध्येवाट, एक जना स्थानीय तहमा कार्यरत मध्येवाट र पाँच जना खुला क्षेत्रवाट निर्वाचित हुनेछन् ।

(२)  निर्धारित पदमा उम्मेदवार नभई तोकिएको पदपूर्ति हुन नसकेमा खुल्ला निर्वाचन क्षेत्रबाट पदपूर्ति गर्न बाधा पर्ने छैन ।

(३)  प्रदेश कार्य समितिको बैठकमा जिल्ला/विभागीय कार्यसमितिका अध्यक्ष पदेन सदस्य रहनेछन् ।

(४)  प्रदेश कार्य समितिमा सम्बन्धित प्रदेशमा कार्य क्षेत्र भएका केन्द्रीय कार्यसमितिका सदस्यहरू पदेन सदस्य रहनेछन् ।

२६. **प्रदेश परिषद् :**

क) प्रदेश परिषद दुई वटा प्रदेश अधिवेशनको वीचमा एक पटक वस्नेछ । सो परिषद्ले अधिवेशन पश्चात प्रदेश कार्य समितिवाट परिषद् अगाडिसम्म गरिएका कामको समिक्षा गर्ने र आगामी दिनमा संगठनलाई अगाडि वढाउन मार्गदर्शन गर्दै आवश्यक निर्देशन दिन सक्नेछ ।

ख) प्रदेश कार्य समितिका पदाधिकारी सदस्यहरू, प्रदेश भित्रका सम्पूर्ण प्रदेश परिषद् सदस्यहरू, प्रदेशभित्रका सवै प्रदेश मन्त्रालय विभागीय/जिल्ला/विभागीय अध्यक्षहरू, प्रदेशभित्रका संगठनबाट प्रतिनिधित्व गर्ने आधिकारिक ट्रेड यूनियनका संगठन पक्षीय सवै जिल्ला/विभागीय, प्रदेश सदस्यहरू, प्रदेशभित्रका निवर्तमान प्रदेश कार्य समितिका पदाधिकारी सदस्यहरू, प्रदेशभित्रका प्रदेश सल्लाकारहरू रहेको प्रदेश परिषद् हुनेछ ।

ग) केन्द्रीय कार्य समितिका सम्बन्धित प्रदेशमा कार्य क्षेत्र भएका सदस्यहरू परिषद्का पदेन सदस्य हुनेछन् ।

घ) परिषद्का सदस्यहरू आफू निर्वाचित वा मनोनित भएको क्षेत्रबाट सरुवा भई अन्य क्षेत्रमा गएमा वा जिल्ला/विभागीय प्रदेश कार्य समितिको कुनै पदको निर्वाचनमा सहभागी भएमा उक्त पद रिक्त हुनेछ ।

२७ **महाधिवेशन :**

**महाधिवेशनमा देहाय बमोजिमको प्रतिनिधिहरू रहनेछन् ।**

१) तत्काल कायम रहेका केन्द्रीय कार्य समितिका केन्द्रीय पदाधिकारी तथा सदस्यहरू ।

२) तत्काल कायम रहेका केन्द्रीय आयोगका संयोजक, सदस्यहरू

३) प्रदेश कार्यसमितिका अध्यक्ष

४) जिल्ला/विभागीय कार्य समितिका अध्यक्षहरू ।

५) प्रत्येक जिल्ला/विभागीय अधिवेशन मातहतका सम्पूर्ण सदस्यहरू मध्ये देहाय बमोजिम प्रतिनिधित्व हुनेछ।

१) ५० जनासम्म सदस्यहरू भएको हकमा- अध्यक्ष मात्र

२) ५१ देखि १०० जनासम्म सदस्यहरू भएको हकमा- अध्यक्ष र एक जना खुल्ला प्रतिनिधी गरी २ जना

तर ३०० जनासम्म सदस्य भएका दुर्गम तथा हिमाली जिल्लाहरु रसुवा, मनाङ, मुस्ताङ, रुकुम पूर्व, डोल्पा, हुम्ला, मुगु र डडेल्धुरा जिल्ला कार्यसमितिको हकमा अध्यक्ष र कम्तीमा १ जना महिलासहित २ जना प्रतिनिधि हुन बाधा पर्ने छैन ।

३) १०० भन्दा माथि ३०० जनासम्म सदस्यहरू भएको हकमा- अध्यक्ष सहित १ खुला र १ महिला गरी ३ जना ।

४) ३०० भन्दा माथि प्रत्येक २०० सदस्य बरावर थप- १ जना

६) राष्ट्रसेवक सहकारी संस्था लि. दर्ता भई सञ्चालनमा रहेका जिल्लाको सहकारी सञ्चालकहरू मध्येबाट यस विधान अनुसार संगठनको केन्द्रीय प्रतिनिधिको योग्यता पुगेका मध्ये जिल्ला अधिवेशन मातहतका सम्पूर्ण संगठन सदस्यको बहुमतको आधारमा निर्वाचित एक जनाको दरले हुने केन्द्रीय प्रतिनिधिहरू ।

७) प्रत्येक प्रदेश र उपत्यकाको क्षेत्र भित्रबाट सवारी चालक, माली, कुचिकार, हुलाकी, हल्कारा, बनपाले र कार्यालय सहयोगी कर्मचारीहरू मध्येबाट केन्द्रीय प्रतिनिधिको योग्यता पुगेका केन्द्रीय कार्य समितिबाट मनोनयन हुने आठ जना ।

८) प्रत्येक प्रदेश र उपत्यकाको क्षेत्र भित्रबाट महिला, जनजाति, मधेशी समूदाय, दलित, उपेक्षित, अपाङ्ग, पिछडिएका क्षेत्रका कर्मचारीहरू मध्येबाट केन्द्रीय प्रतिनिधिको योग्यता पुगेका केन्द्रीय कार्य समितिबाट मनोनयन हुने आठ जना ।

९) नेपाल सरकारले पिछडिएको क्षेत्र भनी तोकेका ९ जिल्लाहरूमध्येबाट केन्द्रीय प्रतिनिधिको योग्यता पुगेका केन्द्रीय कार्य समितिबाट मनोनयन गर्ने दुई जना ।

१०) उपदफा (९), (१०) र (११) को अतिरिक्त निर्वाचित कूल केन्द्रीय प्रतिनिधिहरूको दुई प्रतिशतमा नबढ्ने गरी केन्द्रीय कार्य समितिले

उपयुक्त ठहऱ्याएका सदस्यहरूमध्येबाट केन्द्रीय प्रतिनिधि मनोनयन गर्न सक्नेछ ।

११) जिल्ला/विभागीय आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गर्ने बहालवाला पदाधिकारी र सदस्य मध्येबाट यस विधान अनुसार संगठनको केन्द्रीय प्रतिनिधिको योग्यता पुगेका संगठन सदस्यहरूको बहुमतको आधारमा निर्वाचित एक जनाको दरले हुने केन्द्रीय प्रतिनिधिहरू ।

१२) आधिकारिक ट्रेड यूनियनमा संगठनको तर्फबाट केन्द्रीय कार्य समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारी तथा सदस्यहरू

२८. **केन्द्रीय कार्य समितिका पदाधिकारी र सदस्यहरू :**

(१) **महाधिवेशनमा उपस्थित** केन्द्रीय प्रतिनिधिहरुले आफु मध्येबाट पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत देहाय बमोजिम १७१ जना पदाधिकारी तथा सदस्यहरु रहेको केन्द्रीय कार्यसमिति निर्वाचित गर्नेछन ।

क) अध्यक्ष - एक

ख) वरिष्ठ उपाध्यक्ष - दुई

ग) उपाध्यक्ष - चार (खुला तीन, महिला एक)

घ) प्रदेश इन्चार्ज - प्रत्येक प्रदेश र उपत्यकाका केन्द्रीय प्रतिनिधिहरू मध्येबाट प्रदेश इन्चार्जमा उम्मेदवारी दिई राष्ट्रिय महाधिवेशनका सम्पूर्ण केन्द्रीय प्रतिनिधिको वहुमतबाट निर्वाचित प्रदेश इन्चार्ज - आठ जना

ङ) महासचिव - एक

च) उप महासचिव - तीन (खुला दुई, महिला एक)

छ) कार्यालय सचिव - एक

ज) सचिव - पाँच (चार खुला, एक महिला)

झ) कोषाध्यक्ष - एक

ञ) सह कोषाध्यक्ष - एक

ट) प्रत्येक प्रदेश र उपत्यकाका केन्द्रीय प्रतिनिधिहरु मध्येवाट प्रदेश सह ईन्चार्जमा उमेदवारी दिई महाधिबेशनका सम्पूर्ण केन्द्रीय प्रतिनिधिको बहुमतवाट निर्वाचित प्रदेश सह ईन्चार्ज (सचिवालय सदस्य) - आठ जना

ठ) प्रत्येक प्रदेशबाट चार जनाका दरले प्रदेशगत आधारमा उम्मेदवारी दिई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतबाट निर्वाचित खुला सदस्य - अट्ठाईस जना ।

ड) प्रत्येक प्रदेशबाट तीन जनाका दरले प्रदेशगत आधारमा महिला प्रतिनिधिहरूबाट उम्मेदवारी दिई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतबाट निर्वाचित महिला सदस्य - एक्काईस जना

ढ) उपत्यका भित्रका केन्द्रीय प्रतिनिधिहरू मध्येबाट उम्मेदवारी दिई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतबाट निर्वाचित खुला सदस्य - छ जना ।

ण) उपत्यका भित्रका महिला केन्द्रीय प्रतिनिधिहरू मध्येबाट उम्मेदवारी दिई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतबाट निर्वाचित महिला सदस्य -चार जना ।

त) खुला केन्द्रीय सदस्य - छत्तिस (खुला एकतीस,महिला पाँच) ।

थ) दलित केन्द्रीय प्रतिनिधिमध्येबाट उम्मेदवार भई सम्पूर्ण महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतवाट निर्वाचित हुने सदस्य - दुई जना (खुला एक, महिला एक)

द) जनजाति केन्द्रीय प्रतिनिधिमध्येबाट उम्मेदवार भई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतवाट निर्वाचित हुने सदस्य - दुई जना (खुला एक, महिला एक)

ध) श्रेणी विहिन, कार्यालय सहयोगी, वन क्षेत्र, हुलाकी हल्कारा, सवारी चालक वा सो सरहका केन्द्रीय प्रतिनिधिहरू मध्येबाट उम्मेदवारी दिई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको

बहुमतबाट निर्वाचित हुने सदस्य - दुई जना (खुला एक, महिला एक)

न) मधेशी केन्द्रीय प्रतिनिधिहरू मध्येबाट उम्मेदवार भई महाधिबेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतबाट निर्वाचित सदस्य - दुई जना (खुला एक, महिला एक)

प) अपाङ्ग केन्द्रीय प्रतिनिधिहरू मध्येबाट उम्मेदवार भई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको वहुमतबाट निर्वाचित सदस्य - एक जना

फ) निजामती सेवा ऐन वमोजिम गठित सेवाहरू नेपाल प्रशासन सेवा,नेपाल परराष्ट्र सेवा, नेपाल लेखापरिक्षण सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल वन सेवा, नेपाल शिक्षा सेवा, नेपाल इन्जिनियरिङ्ग सेवा, नेपाल विविध सेवा, नेपाल कृषि सेवा, नेपाल न्याय सेवा का साथै नेपाल संसद सेवा,नेपाल स्वास्थ्य सेवा गरि वाह्र वटा सेवाका केन्द्रीय प्रतिनिधिहरू मध्ये सम्वन्धित सेवावाट उम्मेदवारी भई महाधिबेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतबाट हरेक सेवावाट निर्वाचित सदस्य - बाह्र जना

ब) नेपाल सरकारले पिछडिएको क्षेत्र भनि तोकेका नौं जिल्लाहरूका केन्द्रीय प्रतिनिधिहरू मध्येबाट उम्मेदवारी दिई महाधिबेशनका सम्पूर्ण प्रतिनिधिहरूको वहुमतवाट निर्वाचित सदस्य - दुई जना (खुला एक, महिला एक)

भ) संघीय कानुन बमोजिम प्रदेशमा समायोजन भएका तथा प्रदेश लोक सेवा आयोगबाट नियुक्त भई प्रदेशमा कार्यरत रहेका केन्द्रीय प्रतिनिधिहरूवाट उम्मेदवार भई महाधिवेशनका सम्पूर्ण प्रनिनिधिहरूको बहुमतबाट निर्वाचित सदस्य -चार जना (खुला तीन, महिला एक)

म) संघीय कानुन बमोजिम स्थानीय तहमा समायोजन भएका तथा स्थानीय तहमा कार्यरत केन्द्रीय प्रतिनिधिहरूबाट उम्मेदवार भई

महाधिवेशनका सम्पूर्ण प्रतिनिधीहरूको बहुमतबाट निर्वाचित सदस्य - छ जना (खुला चार, महिला दुई)

य) संगठनमा एकता, एकिकरण भई आएका सदस्यहरू मध्येवाट उम्मेदवार भई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतबाट निर्वाचित सदस्य - छ जना सदस्य (खुला चार,महिला दुई)

र) केन्द्रीय कार्य समितिमा युवाको आकर्षण बढाउन चालीस वर्ष भन्दा कम उमेरका केन्द्रीय प्रतिनिधिहरूवाट उम्मेदवार भई महाधिबेशनका सम्पूर्ण प्रतिनिधिहरूको बहुमतवाट निर्वाचित सदस्य -दुई जना (खुला एक, महिला एक)

(२) केन्द्रीय कार्यसमितिले निजामती सेवाका विभिन्न सेवा, समूह, उपसमूह सम्बन्धी समस्याहरूको समाधानको लागि आवश्यक ठानेमा सो सेवा समूह, उपसमूहको प्रतिनिधित्व हुने गरी उपसमिति गठन गर्न सक्नेछ ।

(३) कुनै लिङ्ग, वर्ग, समुदाय वा पद भएकाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी विधानमा व्यवस्था भएको वा कुनै खास कारणबाट उम्मेदवार नै हुन नपाउने व्यवस्था विधानमा भएकोमा बाहेक सबै पदमा सबै लिङ्ग, वर्ग, समुदाय वा पद भएका केन्द्रीय प्रतिनिधिले प्रतिस्पर्धा गर्न पाउने छन् ।

(४) सबै प्रदेश कार्यसमितिका अध्यक्षहरू केन्द्रीय कार्यसमितिमा पदेन सदस्य हुनेछन् ।

(५) आवश्यकता अनुसार केन्द्रीय कार्यसमितिका पाँच जना पदाधिकारी सदस्य नेपाल सरकारले उपलब्ध गराएको ट्रेड यूनियन काजमा पठाउन सकिनेछ ।

(६) प्रदेश र उपत्यकाबाट निर्वाचित हुने केन्द्रीय पदाधिकारी तथा सदस्यहरू आफ्नो प्रदेश तथा उपत्यका क्षेत्रबाट सरुवा भई अन्य क्षेत्रमा गएमा निर्वाचित पद स्वतः समाप्त हुनेछ र रिक्त भएको पदमा केन्द्रीय कार्यसमितिले मनोनित गर्नेछ ।

(७) केन्द्रीय कार्यसमितिको कूल सदस्य संख्याको बढीमा १० प्रतिशत सदस्यहरू केन्द्रीय कार्यसमितिमा मनोनयन गर्नेछ ।

२९. **संगठन प्रवेश/एकीकरण:**

अन्य ट्रेड युनियनमा क्रियाशिल पदाधिकारी, सदस्यहरूको संगठनमा व्यक्तिगत वा सामुहिक प्रवेश वा संस्था नै एकिकरण भई आउने सदस्यहरूको लागि देहाय बमोजिम ब्यवस्था गरिने छ ।

क) पालिका/जिल्ला/विभागीय र प्रदेश कार्यसमितिको हकमा मौजुदा कार्यसमितिको १० प्रतिशत सम्म सदस्य थप गरि ब्यवस्थापन गर्न सकिनेछ ।

ख) केन्द्रीय कार्यसमितिको हकमा मौजुदा कार्यसमितिको ५ प्रतिशतसम्म सदस्य थप गरि व्यवस्थापन गर्न सकिनेछ ।

ग) संगठनमा सिंगो संस्था नै एकिकृत हुने अवस्थामा केन्द्रीय कार्यसमितिले विशेष निर्णय गरि पदाधिकारी, सदस्यको थप ब्यवस्था गर्न सक्नेछ ।

३० **केन्द्रीय परिषद् :**

(१) दफा १४ बमोजिमको संगठनात्मक स्वरूप बाहेक महाधिवेशनले देहाय बमोजिमका सदस्यहरू रहेको केन्द्रीय परिषद् गठन गर्न सक्नेछः-

क) प्रत्येक प्रदेशबाट तीन जना महिला सहित आठ जनाको दरले प्रदेश भित्रका केन्द्रीय प्रतिनिधिहरूले उम्मेदवारी दिई प्रदेश भित्रका महाधिवेशन प्रतिनिधिहरूबाट निर्वाचित- ५६ जना ।

ख) उपत्यकाभित्रका केन्द्रीय प्रतिनिधिहरूले उम्मेदवारी दिई उपत्यकाभित्रका महाधिवेशन प्रतिनिधिहरूबाट चार महिला सहित- १० जना ।

ग) सबै प्रदेश कमिटीका अध्यक्ष र महासचिव, जिल्ला/विभागीय कार्य समितिका अध्यक्षहरू केन्द्रीय परिषद्को पदेन सदस्य रहनेछन् ।

घ) सेवागत आधारमा हरेक सेवाबाट एक जनाका दरले हुनेगरि निर्वाचित सदस्य- १४ जना रहने छन् ।

ङ) संगठनका निवर्तमान केन्द्रीय पदाधिकारी तथा सदस्यहरू केन्द्रीय परिषद्का सदस्य रहने छन् ।

च) केन्द्रीय कार्यसमितिका कूल सदस्यको पाँच प्रतिशतमा नवढ्ने गरी मनोनित अगुवा संगठकहरू रहने छन्।

(२) केन्द्रीय कार्य समितिका सम्पूर्ण पदाधिकारी,सदस्य परिषद्का सदस्य हुनेछन् । साथै आयोगका संयोजक र सदस्यहरू समेत सोही बमोजिम हुनेछन् ।

(३) यो विधानमा अन्यत्र लेखिएका कुराहरूको अतिरिक्त कर्मचारीहरूको पेशागत हकहितको विषयमा गम्भीर निर्णय लिनुपर्ने भएमा वा कुनै गम्भीर कदम चाल्नु पर्ने भएमा केन्द्रीय कार्य समितिले परिषद्को बैठक बोलाई त्यसले निर्णय गरे बमोजिम गर्नु पर्नेछ ।

(४) बैठक बोलाउने समयमा नै केन्द्रीय कार्य समितिले अन्यथा व्यवस्था गरेकोमा बाहेक कुनै बैठकमा आमन्त्रण गरेकोमा परिषद्का सदस्यहरूले केन्द्रीय कार्य समितिको बैठकमा कुनै विषयमा मतदान गर्न बाहेक भाग लिन, राय प्रकट गर्न र संगठनको प्रतिनिधित्व समेत गर्न सक्नेछन् ।

(५) परिषद्का सदस्यहरू कुनै कार्य समितिको कुनै पदको निर्वाचनमा उम्मेदवार भएमा उक्त पद रिक्त हुनेछ, यसरी रिक्त हुने पदमा केन्द्रीय कार्य समितिले पदको प्रकृति अनुसार नै सोही क्षेत्रका सोही अनुसारका केन्द्रीय प्रतिनिधिबाट पदपूर्ति गर्नेछ ।

(६) विशेष परिस्थिति बाहेक विधान अधिवेशनको काम केन्द्रीय परिषद्ले गर्ने छ ।

(७) केन्द्रीय परिषद् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

३१. **<u>सचिवालयको गठन :</u>**

१) संगठनको केन्दीय,प्रदेश, जिल्ला/बिभागीय, पालिका कार्यसमितिले यो विधान बमोजिम आफुले सम्पादन गर्ने काम कारवाही सम्बन्धी विषयमा तत्काल कुनै निर्णय गर्न तथा संगठनको दैनिक कार्य सञ्चालन

गर्न कार्यसमितिका पदाधिकारी सदस्य रहेको एक सचिवालयको गठन गर्न सक्ने छ ।

२) उपदफा (१) बमोजिम गठन हुने केन्द्रीय, प्रदेश, जिल्ला/विभागीय सचिवालयको सम्बन्धित कार्य समितिले प्रष्ट अधिकार प्रत्यायोजन गरेको विषयमा बाहेक अन्य विषयमा गरेको निर्णय त्यसपछि बस्ने सम्बन्धित कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

३) कार्यसमितिहरूले पदाधिकारी सहित बढीमा कूल संख्याको ३३ प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्न सक्नेछन् ।

४) सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **पदाधिकारी संयन्त्र :**

१) संगठनको केन्द्रीय कार्यसमितिले यो विधान बमोजिम आफुले सम्पादन गर्ने काम कारवाही सम्बन्धी विषयमा तत्काल कुनै निर्णय गर्न तथा संगठनको दैनिक कार्य सञ्चालन गर्न कार्यसमितिका पदाधिकारी र प्रदेश ईन्चार्जसमेत रहेको एक पदाधिकारी संयन्त्र हुनेछ । सो संयन्त्रमा आयोगका संयोजकहरु पदेन सदस्यको रुपमा रहनेछन् ।

२) उपदफा (१) बमोजिम गठन हुने पदाधिकारी बैठकमा सम्बन्धित कार्य समितिले प्रष्ट अधिकार प्रत्यायोजन गरेको विषयमा बाहेक अन्य विषयमा गरेको निर्णय त्यसपछि बस्ने सचिवालय, केन्द्रीय कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

३) पदाधिकारी बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **सल्लाहकार समितिको गठन :**

१) संगठनको सम्बन्धित कार्यसमितिलाई विविध विषयमा सल्लाह प्रदान गर्न सम्वन्धित कार्य समितिले उपयुक्त ठहऱ्याएका मध्येवाट एक संयोजक सहित बढीमा ७ सदस्यीय सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम सल्लाहकार समितिमा मनोनयन गर्दा साधारणतया देहायका व्यक्तिहरूबाट गरिनेछ

क) केन्द्रीय कार्य समितिको हकमा बाह्रौं महाधिवेशनबाट लागू हुने गरी निवर्तमान अध्यक्ष स्वतः र अन्य सल्लाहकारका हकमा पूर्व अध्यक्ष, उपाध्यक्ष, प्रदेश ईन्चार्ज सम्मका पदाधिकारीहरू ।

ख) नेपाल सरकारका पूर्व तथा वर्तमान प्रशासकहरू मध्येबाट ।

ग) प्रदेश/ जिल्ला/विभागीय कार्य समितिको हकमा पूर्व पदाधिकारी मध्येबाट मनोनयन हुने ।

घ) नेपाल निजामती कर्मचारी संगठन सँग सम्बन्धित पेशागत संगठनका पूर्व पदाधिकारीहरू ।

३) सल्लाहकार समितिका सदस्यहरूले संगठनको उद्देश्य पूर्तिमा सम्बन्धीत कार्य समितिलाई समुच्चित मार्गदर्शन गर्न, सरसल्लाह प्रदान गर्न वा कुनै खास विषयमा ध्यानाकर्षण गराउन सक्नेछन् ।

४) बैठक बोलाउने निर्णय गर्दा नै अन्यथा व्यवस्था भएकोमा बाहेक सल्लाहकारहरूले केन्द्रीय कार्य समिति, परिषद्, सचिवालय, प्रदेश/ जिल्ला/विभागीय कार्य समितिको बैठकमा कुनै खास विषयमा मतदान गर्न बाहेक राय प्रकट गर्न, छलफलमा भाग लिन तथा संगठनको तर्फबाट प्रतिनिधित्व समेत गर्न सक्नेछन् ।

५) सल्लाहकार समितिका संयोजक र सदस्यहरू सम्बन्धित कार्य समितिको निर्णयानुसार पदमा बहाल रहनेछन् र उनीहरूले सम्बन्धित कार्य समितिमा राजीनामा दिई पदमुक्त हुन सक्नेछन् ।

६) सल्लाहकार समितिको संयोजकलाई आवश्यकता बमोजिम संगठनको बैठकमा आमन्त्रण गरिने छ ।

७) संगठनले मागेको विषयमा सल्लाहकार समितिले समितिको छुट्टै बैठक राखी संगठनलाई लिखित रूपमा सुझाव दिन सक्नेछ ।

८) संगठनको माथिल्लो कार्यसमितिमा बहाल रहेका पदाधिकारी सदस्यहरू मातहत कार्यसमितिको सल्लाहकारमा मनोनयन गर्न पाईने छैन ।

३४. **उम्मेदवारको योग्यताः**

१) जिल्ला कार्य समितिको अध्यक्ष वा केन्द्रीय प्रतिनिधिमा उम्मेदवार हुन कुनै जिल्ला/विभागीय कार्य समितिको अध्यक्ष, पदाधिकारी वा सदस्य, केन्द्रीय प्रतिनिधि, केन्द्रीय परिषद सदस्य, सल्लाहकार, राष्ट्रसेवक सहकारी संस्थाको सञ्चालक, पेसागत महासंघ नेपालको घटक संस्थाको जिल्ला अध्यक्ष भई एक कार्यकाल काम गरेको सदस्य मात्र योग्य मानिनेछ ।

२) विभागीय कार्यसमितिको अध्यक्ष वा केन्द्रीय प्रतिनिधिमा उम्मेदवार हुन कुनै जिल्ला/विभागीय कार्यसमितिको अध्यक्ष, पदाधिकारी वा सदस्य, केन्द्रीय प्रतिनिधि, केन्द्रीय परिषद सदस्य,सल्लाहकार, पेशागत महासंघ नेपालको घटक संस्थाको जिल्ला अध्यक्ष भई एक कार्यकाल काम गरेको सदस्य मात्र योग्य मानिनेछ ।

३) प्रदेश कार्य समितिको अध्यक्षको उम्मेदवार हुन केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्य, प्रदेश/जिल्ला/विभागीय कार्य समितिको अध्यक्ष वा पदाधिकारी, केन्द्रीय प्रतिनिधि, केन्द्रीय परिषद सदस्य, राष्ट्रसेवक सहकारी संस्थाको सञ्चालक, पेसागत महासंघ नेपालको घटक संस्थाको जिल्ला अध्यक्ष भई एक कार्यकाल काम गरेको सदस्य मात्र योग्य मानिनेछ ।

४) केन्द्रीय कार्यसमितिको अध्यक्षको उम्मेदवार हुन संगठनको केन्द्रीय पदाधिकारी वा संगठनको तर्फबाट पेसागत महासंघ नेपालको पदाधिकारी भई सम्बन्धित कार्यसमितिको पुर्णकाल काम गरेको हुनु पर्नेछ ।

५) केन्द्रीय कार्य समितिमा पदाधिकारी वा सदस्य तथा केन्द्रीय आयोगका पदाधिकारी सदस्यको निर्वाचनमा उम्मेदवार हुन केन्द्रीय कार्य समितिमा वा पेशागत महासंघ नेपालको राष्ट्रिय समितिको पदाधिकारी तथा सदस्यको रूपमा एक कार्यकाल काम गरेको वा प्रदेश/जिल्ला/विभागीय कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव, कोषाध्यक्ष वा केन्द्रीय प्रतिनिधि भै कम्तिमा दुई कार्यकाल काम गरेको वा राष्ट्रसेवक सहकारी संस्थाको

अध्यक्ष वा पेशागत महासंघ नेपालको जिल्ला समन्वय समितिको अध्यक्ष भै कम्तिमा दुई कार्यकाल काम गरेको सदस्य मात्र योग्य मानिने छ ।

३५. **संगठनको कामलाई प्राथमिकता दिनुपर्ने :** विधानको दफा २८ वमोजिम गठित केन्द्रीय कार्यसमितिका सम्पूर्ण पदाधिकारी सदस्य र दफाहरू क्रमशः १९, २२ र २५ बमोजिम गठित जिल्ला, विभागीय र प्रदेश कार्य समितिको सचिवालय सम्मका पदाधिकारी, सदस्यहरूले आफ्नो कार्यालयको कामलाई व्यवस्थापन गर्दै संगठनको कामलाई प्रमुख प्राथमिकतामा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३६. **पूर्णकालिन हुने :** केन्द्रीय कार्यसमितिका अध्यक्ष, महासचिव, कार्यालय सचिव, कोषाध्यक्षले पूर्णकालिन संगठक भई काम गर्नुपर्ने छ । कामको प्रकृति र कार्यवोझ अनुसार अन्य पदाधिकारी तथा सदस्यहरूलाई समेत पूर्णकालिन संगठक वनाउन सकिने छ । पूर्णकालिन संगठकले दैनिक संगठनको कार्यालयमा उपस्थित हुने र आफ्नो सम्पूर्ण समय संगठनको काममा लगाउनु पर्ने छ । तर निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार संगठन काजको अवसर नपाउने पूर्णकालिन संगठकले आफ्नो सेवा सम्वन्धी कार्यालयको कामलाई उपयुक्त व्यवस्थापन गरी वाँकी सम्पूर्ण समय संगठनको काममा लगाउन वाधा पर्ने छैन ।

३७. **कार्यावधि :**

१) केन्द्रीय कार्य समिति र मातहत कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको कार्यावधि तीन वर्षको हुनेछ । तर केन्द्रीय कार्य समितिको अध्यक्ष पदमा एकजना व्यक्ति दुई पटकभन्दा बढी अवधि रहन पाउने छैनन् ।

२) कार्यावधिको गणना गर्दा पहिलो पटक निर्वाचन भएको मितिले तीन वर्ष गणना गरिनेछ तर केन्द्रीय कार्य समितिको हकमा बैशाख १ गतेबाट गणना हुनेछ ।

३) कुनै वर्ष यथासमयमा महाधिवेशन/ अधिवेशन हुन नसकी ढिलाई हुन गएको अवस्थामा अर्को महाधिवेशन/अधिवेशन सम्पन्न नहुँदा सम्म पुरानै कार्यसमितिले कार्य सञ्चालन गर्नुपर्नेछ ।

तर तोकिएको अवधिभित्र महाधिवेशन, अधिवेशन सम्पन्न हुन नसकेमा केन्द्रीय कार्यसमिति मातहतका कार्यसमितिहरूको हकमा केन्द्रीय कार्यसमितिले आयोजक समिति गठन गरि अधिवेशन सम्पन्न गर्न कार्यादेश दिनेछ । प्राप्त कार्यादेश अनुरूप आयोजक समितिले अधिवेशन सम्पन्न गर्नु पर्नेछ । महाधिवेशनको हकमा भने कार्यावधी सकिएको ६ महिना भन्दा बढी भएमा केन्द्रीय कार्यसमितिको बैठक बसी निर्णय गर्नेछ ।

४) प्राकृतिक प्रकोप, विपद्, महामारीका कारण बैठक, भेला, महाधिवेशन, अधिवेशनमाथि रोक लगाएको अवधिभर सम्बन्धीत कार्यसमितिको महाधिवेशन, अधिवेशन गर्न नसक्ने अवस्था भएमा सो अवधिको कार्यवधि स्वतः थप हुनेछ ।

३८. **निर्वाचन कार्यविधि :** १) निर्वाचन विधि तोकिए वमोजिम हुनेछ

क) संगठनको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणालीबाट गरिनेछ ।

ख) महाधिवेशन/अधिवेशन सम्पन्न गर्दा मौजुदा कार्यसमिति भंग नगरि नयाँ कार्यसमिति गठन गरिने छ । नयाँ कार्यसमिति गठन भए पश्चात निवर्तमान कार्यसमिति स्वत भंग भएको मानिनेछ ।

३९. **कार्य समितिको पदाधिकारी, सदस्यबाट हटाउन सकिने:** १) देहायको अवस्थामा कार्य समितिका कुनै पनि सदस्यलाई हटाउन सकिनेछ :

क) सम्बन्धित कार्य समितिको बैठकमा लगातार तीन पटक मुनासिब माफिकको कारण विना कुनै सदस्य अनुपस्थित भएकोले निजलाई हटाउन उपयुक्त छ भनि सम्बन्धित कार्य समितिको बहुमतले निर्णय गरेमा ।

४०. **अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था :**

(१) सम्बन्धित कार्य समितिको कुनै सदस्यले आफ्नो पद अनुसारको कर्तव्य पालना नगरेको वा संगठनले सुम्पिएको दायित्व पूरा नगरेको वा यस विधानको विपरित आचरण गरेको भनि सम्बन्धित कार्य समितिका पच्चीस प्रतिशत सदस्यले प्रस्तुत गरेको अविश्वासको प्रस्ताव उक्त कार्य समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई

बहुमतले पारित गरेमा सम्बन्धित कार्य समितिको पदाधिकारी, सदस्य पदमुक्त हुनेछ ।

(२) केन्द्रीय कार्य समिति मातहत कार्यसमितिको हकमा यस्तो निर्णय उपर केन्द्रीय कार्य समितिमा पुनरावेदन गर्न सकिनेछ र केन्द्रीय कार्य समितिको निर्णय अन्तिम हुनेछ ।

(३) यसरी हटाउनु पर्दा सफाई पेश गर्ने मौका सम्बन्धित कार्य समितिले अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ ।

(४) कुनैपनि कार्य समितिको सदस्यको हकमा सम्वन्धित कार्य समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरी पदमुक्त गर्न सकिनेछ ।

(५) यसरी पदमुक्त भएको व्यहोरा त्यसपछि हुने महाधिवेशनमा प्रस्तुत गरिनेछ ।

४१. **महाधिवेशन/अधिवेशन सम्बन्धी ब्यवस्था :**

१) संगठनको महाधिबेशन र अधिवेशन तीन वर्षमा एक पटक सम्बन्धित कार्य समितिले बोलाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम महाधिवेशन/अधिवेशन बोलाउँदा त्यस्तो अधिवेशन हुने मिति, स्थान र छलफल हुने विषयहरू समेत उल्लेख गरी देहाय बमोजिम महाधिवेशन/अधिवेशन प्रतिनिधिहरूलाई लिखित सूचना दिनु पर्नेछ ।

क) प्रारम्भिक कार्यसमिति र पालिका कार्यसमितिको हकमा ३ दिनको सूचना

ख) जिल्ला/विभागीय कार्यसमितिको हकमा ७ दिनको सूचना

ग) केन्द्रीय कार्यसमितिको हकमा १५ दिनको सूचना

३) महाधिवेशन/अधिवेशनको लागि सम्पूर्ण प्रतिनिधिहरूको संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

४) उपदफा (३) बमोजिमको गणपूरक संख्या नपुगी अधिवेशन हुन

नसकेमा कम्तीमा तीन देखि सात दिनको सूचना दिई अर्को पटक अधिवेशन बोलाइनेछ र त्यसरी बोलाइएको अधिवेशनमा कम्तीमा पच्चीस प्रतिशत महाधिवेशन/अधिवेशन प्रतिनिधिहरू उपस्थित भएमा उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अधिवेशन सञ्चालन गर्न बाधा पर्ने छैन ।

४२. **विशेष अधिवेशन :**

१) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रारम्भिक /पालिका/जिल्ला/विभागीय प्रदेश कार्यसमितिका पच्चीस प्रतिशत सदस्यहरूले विशेष अधिवेशन बोलाउन आवश्यक छ भनि लिखित रूपमा सम्बन्धित कार्य समितिलाई अनुरोध गरेमा र कार्य समितिको दुई तिहाई बहुमतले विशेष अधिवेशन बोलाउने भनि निर्णय गरेमा कम्तीमा पन्ध्र दिनको सूचना दिई विशेष अधिवेशन बोलाउन सकिनेछ ।

२) केन्द्रीय कार्य समितिका पच्चीस प्रतिशत सदस्यहरूले विशेष महाधिवेशन बोलाउन आवश्यक छ भनि लिखित प्रस्ताव पेश गरेमा र केन्द्रीय कार्य समितिको दुई तिहाई बहुमतले विशेष महाधिवेशन बोलाउन भनि निर्णय गरेमा ६० दिन भित्र सम्पन्न हुने गरी विशेष महाधिवेशन बोलाउनु पर्नेछ ।

३) केन्द्रीय कार्य समितिले जिम्मेवारी बमोजिमको काम गर्न नसकेको भनी कुल जिल्ला/विभागीय कार्य समितिको पच्चीस प्रतिशत समितिहरू सहमत भएमा विशेष महाधिवेशन बोलाउन केन्द्रीय कार्य समितिमा लिखित प्रस्ताव दर्ता गराउन सक्नेछ ।यसरी प्रस्ताव दर्ता भएको एक महिनाभित्र प्रस्ताव दर्ता गराउने कार्य समितिहरू समेत गरी पचास प्रतिशत भन्दा बढी हुने गरी प्रस्तावको पक्षमा जिल्ला/विभागीय कार्य समितिहरूले समर्थन व्यक्त गरेमा केन्द्रीय कार्य समितिले दुई महिनाभित्र महाधिवेशन सम्पन्न हुने गरी विशेष महाधिवेशन बोलाउनु पर्नेछ । प्रस्तावको पक्षमा एक महिनाभित्र पचास प्रतिशतभन्दा बढी जिल्ला/विभागीय कार्य समितिको समर्थन प्राप्त नभएमा प्रस्तावक समितिहरूले उक्त प्रयास त्याग्नु पर्छ ।

यसरी विशेष महाधिवेशन बोलाउने प्रस्ताव एक कार्यकालमा एक पटक मात्र सकिनेछ ।

४) विशेष महाधिवेशन, अधिवेशनको अन्य कार्यविधि नियमित महाधिवेशन, अधिवेशन सरह हुनेछ ।

४३. **छलफल र निर्णय :**

१) महाधिवेशन/अधिवेशनको उद्घाटन सत्रको अध्यक्षता सम्बन्धीत कार्यसमितिको अध्यक्षले र निजको अनुपस्थितिमा महाधिवेशन /अधिवेशनमा उपस्थित वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारीहरू मध्ये माथिल्लो मर्यादाक्रममा रहेको पदाधिकारीले गर्नेछ । बन्दसत्रको अध्यक्षता सम्बन्धित अधिवेशनले छानेको अध्यक्ष मण्डलबाट गरिने छ ।

२) महाधिवेशन/अधिवेशनमा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा सम्बन्धीत कार्यसमितिबाट पेश गर्नु पर्नेछ ।

३) प्रस्तुत प्रतिवेदन सर्वसम्वत रूपमा पारित हुन नसकी मतदानबाट टुङग्याउनु पर्ने भएमा महाधिवेशन/अधिवेशनमा उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमत प्राप्त रायलाई महाधिवेन/अधिवेशनको निर्णय मानिनेछ । मतदान हुँदा पक्ष र विपक्षमा मत बराबर हुन गएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनु पर्नेछ ।

४) अध्यक्षमण्डलको छनौट सम्बन्धित कार्यसमितिले गर्नेछ ।

४४. **माइन्यूट राख्नु पर्ने :**

प्रत्येक महाधिवेशन/अधिवेशनमा भएको काम कारवाहीको विषयमा एउटा छुट्टै रजिष्टरमा माइन्यूट लेखि अध्यक्षता गर्ने व्यक्ति र महााधिवेशन/अधिवेशनमा उपस्थित कम्तीमा दुई जना सदस्यहरूद्वारा प्रमाणित गराई सम्बन्धित कार्य समितिका महासचिव/उपमहासचिव वा कार्यालय सचिव र सचिवले अध्यावधिक गराई राख्नु पर्नेछ ।

४५. **निर्णयको जानकारी दिनु पर्ने :**

१) महाधिवेशन/अधिवेशनमा भएका निर्णयहरूको जानकारी महाधिवेशन /अधिवेशनका प्रतिनिधिहरूलाई दिनु पर्नेछ ।

२) सम्बन्धित कार्यसमितिको अधिवेशनले गरेका निर्णयहरूको जानकारी मातहत कार्य समितिलाई गराउनु पर्नेछ

३) महाधिवेशनबाट पारित निर्णय मातहत सबै कार्यसमितिहरूलाई जानकारी गराउनु पर्नेछ । यसरी प्राप्त जानकारी प्रारम्भिक कार्यसमितिले आफ्ना सबै सदस्यहरूलाई समेत जानकारी गराउनु पर्नेछ ।

४६. **निर्णय पालना गर्नुपर्ने :**

संगठनको महाधिवेशन/अधिवेशनबाट भएका निर्णयहरू तथा सम्बन्धीत कार्य समितिहरूको निर्णय कार्यान्वयन गर्नु सबै कार्यसमिति र सदस्यहको दायित्व हुनेछ

४७. **महाधिवेशनमा पेश गरिने विषयहरू :**

१) संगठनको महाधिवेशनमा आवश्यकतानुसार देहायका विषयहरू पेश गरिने छन् :

क) सांगठनिक र आर्थिक प्रतिवेदन,

ख) संगठनका कार्यक्रमहरू,

ग) संगठनको बजेट,

घ) केन्द्रीय लेखापरिक्षण आयोगको प्रतिवेदन

ङ) लेखापरिक्षणको प्रतिवेदन,

च) सदस्यताबाट निष्काशन गरे उपरको पुनरावेदन,

छ) स्वदेशी तथा विदेशी संगठनसँग सम्बन्ध बढाउने विषयहरू,

ज) मानार्थ सदस्यता प्रदान गर्ने विषयहरू,

झ) पेसागत वा ट्रेड यूनियन महासंघमा आबद्ध हुने वा आबद्धताबाट हट्ने विषय,

ञ) राष्ट्रसेवक सहकारी सम्बन्धी विषय,

ट) अन्य आवश्यक विषयहरू ।

२) संगठनको केन्द्रीय कार्यसमिति मातहतका कार्यसमितिको अधिवेशनमा देहायका विषयहरू पेश गरिने छन्।

क) सांगठनिक तथा आर्थिक प्रतिवेदन,

ख) संगठनको कार्यक्रम,

ग) संगठनको बजेट,

घ) लेखापरीक्षण प्रतिवेदन,

ङ) राष्ट्रसेवक सहकारी सम्बन्धी विषयहरू,

च) अन्य आवश्यक विषयहरू ।

४८. **पर्यवेक्षक बोलाउन सक्ने :**

महाधिवेशन/अधिवेशनमा सम्बन्धित कार्य समितिले आवश्यक ठानेका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सक्नेछ ।

४९. **बरवुझारथ गर्नु पर्नेः**

संगठनको सम्बन्धित कार्यसमितिको पदाधिकारी सदस्यले आफ्नो कार्यकाल अवधिको सांगठनिक, आर्थिक जिम्मेवारी बरवुझारथ गर्नुपर्नेछ ।

५०. **कार्य समितिको बैठक सम्बन्धी कार्यविधि :**

१) केन्द्रीय कार्य समितिको बैठक वर्षमा तीन पटक (दुई वैठक वीचको फरक छ महिनामा नबढ्ने गरी) र प्रदेश कार्य समितिको बैठक तीन महिनामा एक पटक बस्नेछ ।

२) अन्य कार्य समितिहरूको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ। जिल्ला कार्य समितिको वैठकमा राष्ट्रसेवक सहकारी संस्थाका अध्यक्ष पदेन सदस्यका रूपमा रहनेछन् ।

३) अध्यक्षको अनुमति लिई बैठक बस्ने मिति, समय र स्थान समेत तोकि केन्द्रीय/प्रदेश कार्यसमितिको हकमा महासचिव वा अन्य कार्यसमितिको हकमा सचिवले बैठक बोलाउने छन् । यसरी बैठक बोलाउँदा कार्य समितिका सदस्यहरूलाई बैठकमा छलफल हुने विषयहरू समेत खोली सूचना दिनु पर्नेछ ।

४) कार्य समितिको बैठकको अध्यक्षता सम्बन्धित कार्यसमितिको अध्यक्षले र निजको अनुपस्थितीमा सम्बन्धीत कार्यसमितिका उपस्थित वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष लगायतका पदाधिकारीहरू मध्ये माथिल्लो मर्यादाक्रममा रहेको पदाधिकारीले गर्नेछ । बैठकमा पदाधिकारीहरूको समेत अनुपस्थिती रहेमा बैठकमा उपस्थित ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

५) कार्यसमितिको बैठकमा अध्यक्षता गर्ने व्यक्तिबाट निर्णयहरू प्रमाणित गराई केन्द्रीय/प्रदेश कार्यसमितिको हकमा महासचिव र अन्य कार्यसमितिको हकमा सचिवले अद्यावधिक गराई राख्नु पर्नेछ ।

६) कार्य समितिको बैठक बस्नको लागि पचास प्रतिशतभन्दा बढी सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।

७) कार्य समितिमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनु पर्नेछ ।

८) कार्य समितिका कम्तीमा पच्चिस प्रतिशत सदस्यहरूले लिखित कारण देखाई बैठक बोलाउन अनुरोध गरेमा केन्द्रीय/प्रदेश कार्यसमितिको हकमा महासचिव र अन्य कार्यसमितिको हकमा सचिवले बैठक बोलाउनु पर्नेछ ।

९) बैठक सम्बन्धी अन्य कार्यविधि कार्य समिति आफैंले तय गर्नेछ

१०) संगठनको कार्यसमितिको बैठकमा पेसागत महासंघ नेपालबाट तोकिएका प्रतिनिधि, संगठनका सल्लाहकार, संयोजकलाई आमन्त्रण गर्न सकिनेछ । निजहरूले बैठकमा आफ्नो सल्लाह, सुझाव प्रस्तुत गर्न सक्नेछन् तर निर्णय प्रकृयामा सहभागी हुने छैनन् ।

परिच्छेद- ७

# पदको रिक्तता र पूर्ति

५१. **पद रिक्त हुनेः**

१) देहायको अवस्थामा कार्य समितिको पदाधिकारी, सदस्यको पद रिक्त हुनेछ :

क) दफा १० बमोजिम सदस्यता कायम नरहेमा,

ख) पदाधिकारी, सदस्यबाट दिएको राजीनामा स्वीकृत भएमा,

ग) दफा ३९ बमोजिम हटाइएमा,

घ) प्रतिनिधित्व गरेको भूगोलबाट निर्वाचित पदाधिकारी सदस्य अन्यत्र सरुवा भएमा ।

ङ) छ महिना वा सोभन्दा बढी अवधिको लागि विदेश गएमा वा अन्य कार्य समितिको कार्यक्षेत्रमा काजमा/वैदेशिक तालिम/भ्रमणमा गएमा ।

च) संगठन प्रदेश, जिल्ला/विभागीय कार्य समितिका अध्यक्ष माथिल्लो कार्य समितिको निर्वाचनमा उम्मेदवार भएमा निजको साविक पद स्वतः रिक्त हुने छ ।

छ) कुनै कार्य समितिको सदस्य माथिल्लो कार्य समितिमा निर्वाचित भएमा निजको तल्लो कार्य समितिको पद रिक्त हुनेछ ।

तर प्रारम्भिक कार्य समितिको सदस्य रहेको कुनै व्यक्ति जिल्ला/विभागीय कार्य समितिमा निर्वाचित भएमा निजको तल्लो कार्य समितिको समेत पद कायमै रहनेछ ।

ज) विशेष पदमा वाहेक काजमा रहेका कर्मचारीले प्रदेश, जिल्ला/विभागीय कार्य समितिको कुनै पदमा उम्मेदवार हुन र एक अधिवेशनमा एक कार्य समितिमा मताधिकार प्रयोग गरेको सदस्य पुनः अर्को कार्य समितिको निर्वाचनमा भाग लिन पाउने छैन।

झ) संगठनको केन्द्रीय पदाधिकारी, सदस्यहरूको जिम्मेवारीमा रहेको व्यक्ति पेशागत महासंघ वा महासंघको घटक राष्ट्रिय स्तरका ट्रेड यूनियनको पदाधिकारीमा निर्वाचित भएमा संगठनको जिम्मेवारीबाट मुक्त हुनेछ। तर दोहोरो जिम्मेवारीमा रहि रहेका केन्द्रीय पदाधिकारीले महासंघ वा घटक संस्थाको पदाधिकारीबाट अलग भएमा संगठनको जिम्मेवारी कायम रहनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रीय कार्य समितिको सदस्यको हकमा उपदफा (१) को खण्ड (घ) को व्यवस्था लागू हुने छैन ।

५२. **<u>पदको रिक्तता र पूर्ति :</u>**

१) सम्बन्धित कार्यसमितिमा रहेका रिक्त पदपूर्ति गर्दा सर्वसम्मत रूपमा निर्णय गर्नुपर्नेछ ।

२) सर्वसम्मत निर्णय हुन नसकेमा प्रारम्भिक, पालिका, जिल्ला/विभागीय र प्रदेश कार्य समितिका पदाधिकारी एवं सदस्यहरूको पद रिक्त हुन आएमा सम्बन्धित कार्य समितिको सम्पूर्ण सदस्य संख्याको बहुमतको निर्णयबाट मनोनयन गरी सो को जानकारी केन्द्रीय कार्य समितिलाई गराउनु पर्नेछ। यसरी मनोनय हुने पदाधिकारी सदस्यहरूको योग्यता दफा ३४ बमोजिम हुनुपर्नेछ ।

३) केन्द्रीय कार्य समितिको पदाधिकारी एवं सदस्यको पद रिक्त भएमा केन्द्रीय कार्य समितिको सम्पूर्ण सदस्य संख्याको बहुमतको निर्णयबाट दफा ३४ बमोजिमको योग्यता पुगेको व्यक्तिलाई मनोनयन गरी पदपूर्ति गर्न सकिनेछ ।

## परिच्छेद- ८

# आर्थिक व्यवस्था

**५३. संगठनको कोष :**

१) संगठनको कोषमा देहायका रकमहरू रहने छन् :

क) सदस्यता शुल्क तथा लेवी रकम,

ख) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ग) सदस्यतासँग सदस्य कल्याण कोषको रकम ।

घ) संगठनले आर्जन वा प्राप्त गरेको अन्य रकम ।

ङ) संगठनलाई प्राप्त चन्दा, सहयोग, अनुदान तथा अन्य रकम

च) संगठनमा कार्यरत कर्मचारीहरू सम्बन्धी कोष ।

२) संगठनको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

क) कल्याणकोषबाट भुक्तानी हुने रकमहरू,

ख) संगठनका बिभिन्न कोषहरूले निर्धारण गरे अनुसार भुक्तानी गर्नु पर्ने रकम ।

ग) संगठनमा कार्यरत कर्मचारीहरूलाई प्रदान गर्नु पर्ने सेवा, सुविधाहरू ।

३) संगठनको नामबाट बैंकमा खाता खोलिने छ र उपदफा (१) बमोजिमको तोकिएका खाताहरूमा जम्मा गरिनेछ

४) उपदफा (१) बमोजिमको खाताको सञ्चालन कार्य समितिका अध्यक्ष वा महासचिवमध्ये एक वा दुवै तथा कोषाध्यक्ष/सह-कोषाध्यक्षको वा कार्य समितिले तोकेका अन्य पदाधिकारी तथा सदस्यहरूको संयुक्त हस्ताक्षरद्वारा गरिनेछ ।

**५४. संगठनको लेखा :**

संगठनको आर्थिक कारोवारको लेखा दोहोरो लेखा प्रणाली (Double Entry System) बमोजिम राखिनेछ ।

**५५. लेखापरिक्षण :**

क) प्रत्येक वर्ष स्वीकृत लेखापरिक्षकद्वारा संगठनको आर्थिक कारोवार हरूको लेखापरिक्षण गराउनु पर्नेछ र यसको एक प्रति प्रतिवेदन दर्ता भएको कार्यालयमा बुझाउनु पर्नेछ ।

ख) उपदफा (१) बमोजिम लेखापरिक्षण गराउँदा लेखापरिक्षकको नियुक्ति र पारिश्रमिकको रकम सम्बन्धित कार्य समितिले तोके बमोजिम हुनेछ ।

**५६. श्रेस्ता अध्यावधिक राख्नु पर्ने :**

क) संगठनका प्रत्येक आर्थिक कारोवारको श्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेछ ।

ख) उपदफा (१) बमोजिमको श्रेस्ता सम्वन्धित कार्य समितिका सदस्यले हेर्न चाहेमा देखाउनु पर्नेछ ।

**५७. रकमको बाँडफाँड :**

१) संगठनको सदस्यता वितरण तथा नवीकरण र अन्य प्रयोजनको लागि उठेको सम्पूर्ण रकम तोकिए बमोजिम बाँडफाँड हुनेछ ।

**५८. रकम उठाउन सक्ने :**

संगठनको उद्देश्य पूर्ति गर्नको लागि सदस्यहरूमध्येबाट केन्द्रीय कार्य समितिले समय समयमा तोकिए बमोजिमको रकम उठाउन सकिनेछ ।

## परिच्छेद- ९

# आयोगहरू

५९. **आयोगहरू:**

संगठनको कामलाई थप व्यवस्थित बनाउन देहायका केन्द्रीय आयोगहरूको व्यवस्था गरिएको छ :-

१. **लेखापरीक्षण आयोग** :

(क) संगठनको लेखा प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन, नियमित आन्तरिक लेखापरीक्षण गर्न र कार्य समितिको लेखा अनुगमन, निरीक्षण र मूल्यांकन गरी निर्देशन दिन र लेखा व्यवस्थापन सम्बन्धी सुझाव दिन आवश्यकता बमोजिम केन्द्रीय/प्रदेश/जिल्ला/विभागीय कार्य समितिको अधिवेशनवाट देहाय बमोजिमको एक लेखापरिक्षण आयोगको निर्वाचन गरिनेछ ।

(ख) लेखा परिक्षण आयोगमा देहाय बमोजिम संयोजक सहित पाँच सदस्यीय लेखा परिक्षण आयोग गठन हुनेछ ।

क.संयोजक - एक

ख.सचिव - एक

ग.सदस्य - तीन (खुला दुई, समावेशी एक)

(ग) लेखापरिक्षण आयोगका संयोजक र सदस्यहरूको उम्मेदवारको लागि चाहिने योग्यता सम्बन्धित कार्य समितिको पदाधिकारी तथा सदस्य सरह हुनेछ ।

(घ) प्रदेश/जिल्ला/विभागीय कार्यसमितिमा संयोजक एक जना र सदस्यहरू दुई जना गरि तीन जना रहनेछन् । निजहरूको योग्यता सम्बन्धित कार्यसमितिको पदाधिकारी तथा सदस्य सरह हुनेछ ।

(ङ) लेखापरिक्षण आयोगले सम्बन्धित कार्य समितिको अधिवेशनमा आयोगको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(च) लेखापरिक्षण आयोगका संयोजक पदाधिकारी बैठकको पदेन सदस्य, लेखा परीक्षण आयोगको सचिव सचिवालय बैठकमा पदेन सदस्य र लेखापरिक्षण आयोगका सदस्यहरू केन्द्रीय कार्य समितिको बैठकमा पदेन सदस्य रहने छन् ।

(छ) केन्द्रीय लेखापरीक्षण आयोगका संयोजक र सदस्यहरू महाधिवेशन तथा केन्द्रीय परिषदका सदस्य रहने छन् ।

(ज) सम्बन्धीत लेखापरीक्षण आयोगले तत् तत् कार्यसमितिको लेखा अनुगमन, निरिक्षण र मूल्यांकन गरी निर्देशन दिन सक्नेछ । आयोगले आफ्नो छुट्टै बैठक बसी सुझाव दिनु पर्नेछ ।

२. **अनुशासन आयोग** :

(क) नेपाल निजामती कर्मचारी संगठनका प्रारम्भिक कार्य समिति, पालिका/जिल्ला/विभागीय कार्य समिति, प्रदेश कार्य समिति, केन्द्रीय कार्य समितिका पदाधिकारी, सदस्य वा सल्लाहकार सदस्य वा कुनै संगठन सदस्यले संगठनको विधान, विनियम, निर्णय, निर्देशन वा प्रचलित अन्य ऐन नियम उल्लघन गरी संगठनको काम कारवाही तथा कर्मचारीका आचरण विपरित हुने गम्भीर प्रकृतिको कार्य गरेमा अनुशासन आयोगले स्पष्टीकरण सोध्ने, प्रतिवेदन लिने, छानविन गर्ने र गम्भीर त्रुटी भएको देखिएमा तोकिए वमोजिम सम्वन्धित कार्य समितिलाई कारवाहीको निम्ति सिफारिस गर्न सक्ने गरी महाधिवेशनको प्रतिनिधिहरू मध्येबाट उम्मेदवारी दिई महाधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूबाट देहाय बमोजिम अनुशासन आयोग गठन हुनेछ ।

(ख) अनुशासन आयोगमा देहाय बमोजिम संयोजक सहित पाँच सदस्यीय अनुशासन आयोग गठन हुनेछ ।

क.संयोजक - एक

ख.सचिव - एक

ग.सदस्य - तीन (खुला दुई, समावेशी एक)

(ग) अनुशासन आयोगको संयोजक केन्द्रीय पदाधिकारीको बैठकको पदेन सदस्य, अनुशासन आयोगको सचिव केन्द्रीय सचिवालयको बैठकमा पदेन सदस्य र अनुशासन आयोगका सदस्यहरू केन्द्रीय कार्य समितिको पदेन सदस्य रहने छन् ।

(घ) अनुशासन आयोगका संयोजक तथा सदस्य केन्द्रीय परिषद् तथा महाधिवेशनको स्वतःप्रतिनिधिको रूपमा रहने छन् ।

(ङ) अनुशासन आयोगको संयोजक र सदस्यहरूको उम्मेदवारको लागि

चाहिने योग्यता केन्द्रीय कार्य समितिको पदाधिकारी तथा सदस्य सरह हुनेछ ।

(च) आयोगले आफ्नो छुट्टै बैठक बसी सुझाव दिनु पर्नेछ ।

३. **नीति अनुसन्धान आयोग :**

(क) नेपाल निजामती कर्मचारी संगठनको केन्द्रमा देहाय बमोजिमको एक नीति तथा अनुसन्धान आयोग रहनेछ ।

(ख) नीति अनुसन्धान आयोगमा देहाय बमोजिम संयोजक सहित पाँच सदस्यीय नीति अनुसन्धान आयोग गठन हुनेछ ।

क.संयोजक - एक

ख.सचिव - एक

ग.सदस्य - तीन (खुला दुई, समावेशी एक)

(ग) आयोगले संगठनले अवलम्बन गर्न उपयुक्त हुने नविनतम् नीतिको अध्ययन, अनुसन्धान गरी संगठनको विकास र श्रीवृद्धिका लागि समयानुकूल, तथ्यपरक र स्पष्ट नीतिको प्रस्ताव तर्जुमा गरी संगठन समक्ष पेश गर्नेछ। उक्त नीतिको प्रस्ताव केन्द्रीय समिति मा छलफल गरि जस्ताको तस्तै वा आवश्यक परिमार्जन सहित पारित गरि लागू गरिने छ ।

(घ) आयोगले सार्वजनिक प्रशासन, नीति विकास र सुशासन संचालनका लागि ट्रेड युनियनको भूमिकाको विषयमा अध्ययन अनुसन्धान गर्नेछ र सो क्रममा आयोगले विज्ञबाट राय, सुझाव, सल्लाह प्राप्त गर्ने र त्यसको ठोस विश्लेषण गरी प्रतिवेदन तयार पारि संगठनलाई उपयुक्त सुझाव सिफारिस गर्नेछ ।

(ङ) आयोगले एक पटकका लागि नेपाल सरकारले संगठनको विधानको यो दफा लागु भएका मिति सम्म विभिन्न समय र कालखण्डमा गठन गरेका प्रशासन सुधार आयोग र तलब सुविधा सुधारका लागि गठन भएका आयोगबाट नेपाल सरकारलाई प्राप्त भएका प्रतिवेदनको अध्ययन गरी सो को आधारमा सार्वजनिक प्रशासन सुधारका लागि एक ठोस, अध्यावधिक र भविष्यका लागि उपयुक्त हुन सक्ने संघीय

लोकतान्त्रिक गणतान्त्रिक ब्यवस्था अनुकुलको सार्वजनिक प्रशासनमैत्री एकीकृत प्रतिवेदन तयार गरी संगठन समक्ष पेश गर्नेछ ।

(च) आयोगले वार्षिक रूपमा संगठनका सम्बन्धित कार्यसमितिहरूको गतिविधको समिक्षा सहितको एकीकृत प्रतिवेदन तयार पारी संगठन समक्ष पेश गर्नेछ। उक्त समीक्षात्मक प्रतिवेदनको उदेश्य सार्वजनिक प्रशासनलाई अध्यावधिक, गुणस्तरीय, सक्षम, एवं आम सेवाग्राही मैत्री बनाउन संगठनले खेलेको भूमिकाको विश्लेषण गरी संगठनका गतिविधि तथा यसले सार्वजनिक प्रशासन र निजामती प्रशासनमा पारेको प्रभावको जानकारी गराउने छ ।

(छ) आयोगबाट उपरोक्त बमोजिम संगठन समक्ष पेश गरेका विभिन्न प्रतिवेदन तथा सुझावलाई प्रतिवेदन पेश भए पछि लगत्तै बस्ने संगठन केन्द्रीय कार्यसमितिको बैठक समक्ष पेश गरिनेछ। यसरी पेश भएका नीति तथा प्रतिवेदन संगठन केन्द्रीय कार्यसमितिबाट पारित भएमा संगठनको नीतिको रूपमा कार्यान्वयन गरिनेछ।

(ज) माथि जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रीय कार्यसमितिको बहुमतले कुनै नीति संगठनलाई दीर्घकालीन नकारात्मक असर पार्न सक्ने नीति हो भन्ने ठहर गरेमा नीति तथा अनुसन्धान आयोगबाट प्राप्त नीति तथा प्रतिवेदनहरू संगठनको महाधिवेशन/ अधिवेशनमा समिक्षा र सुधारका विषय बन्न सक्नेछन । महाधिवेशन/अधिवेशनबाट उक्त नीति जस्ताको तस्तै वा परिमार्जन सहित पारित गरि लागु गरिनेछ ।

(झ) संगठनले नेपाल सरकारलाई सुझाव गर्ने प्रयोजनको लागि कुनै विषयमा अनुसन्धान गरि सुझाव पेश गर्न आयोगलाई अनुरोध गरेमा सो विषयमा राष्ट्रिय/अन्तराष्ट्रिय प्रचलन र अभ्यास समेतको अध्ययन अनुसन्धान गरि संगठन समक्ष सुझाव प्रस्तुत गर्नेछ ।

(ञ) नीति अनुसन्धान आयोगको संयोजक केन्द्रीय पदाधिकारीको बैठकको पदेन सदस्य, नीति अनुसन्धान आयोगको सचिव केन्द्रीय सचिवालयको बैठकमा पदेन सदस्य र नीति अनुसन्धान आयोगका सदस्यहरू केन्द्रीय कार्य समितिको पदेन सदस्य रहने छन् ।

(ट) नीति अनुसन्धान आयोगका संयोजक तथा सदस्य केन्द्रीय परिषद् तथा महाधिवेशनको स्वतः प्रतिनिधिको रूपमा रहने छन् ।

(ठ) नीति अनुसन्धान आयोगको संयोजक र सदस्यहरूको उम्मेदवारको लागि चाहिने योग्यता केन्द्रीय कार्य समितिको पदाधिकारी तथा सदस्य सरह हुनेछ ।

४. **विज्ञान तथा प्रविधि आयोग**

क. नेपाल निजामती कर्मचारी संगठनको केन्द्रमा देहाय बमोजिमको एक विज्ञान तथा प्रविधि आयोग रहनेछ ।

ख विज्ञान तथा प्रविधि आयोगमा देहाय बमोजिम संयोजक सहित एघार सदस्यीय विज्ञान तथा प्रविधि आयोग गठन हुनेछ ।

क. संयोजक - एक

ख. सचिव - एक

ग. सदस्य - नौ जना

ग. आयोगले संगठनले अवलम्वन गर्ने नविनतम प्रविधिको अध्ययन अनुसन्धान गरी संगठनको विकास र श्रीवृद्धिका लागि समायानुकुल तथ्यपरक र स्पष्ट नीतिको प्रस्ताव तर्जुमा गरि संगठनमा पेश गर्नेछ। उक्त नीतिको प्रस्ताव केन्द्रीय समितिमा छलफल हुनेछ ।

घ. विज्ञान तथा प्रविधि आयोगको संयोजक केन्द्रीय पदाधिकारी बैठकको पदेन सदस्य आयोगको सचिव केन्द्रीय सचिवालय बैठकको पदेन सदस्य र आयोगको सदस्यहरु केन्द्रीय कार्य समितिको बैठकको पदेन सदस्य रहनेछन ।

ङ. विज्ञान तथा प्रविधि आयोगको संयोजक सचिव र सदस्यहरु केन्द्रीय परिषद् तथा महाधिवेशनको स्वत प्रतिनिधिको रुपमा रहनेछन ।

च. विज्ञान तथा प्रविधि आयोगको संयोजक सचिव र सदस्यको उमेदवारको लागी चाहिने योग्यता केन्द्रीय कार्य समितिका पदाधिकारी सदस्य सरह हुनेछ ।

## परिच्छेद- १०

# विविध

६०. **विधानको संशोधन :**

१) यस विधानमा लेखिएको कुनै कुरा संशोधन गर्नुपरेमा केन्द्रीय परिषद्को कम्तीमा दुई तिहाई बहुमतले संशोधन गर्न सक्नेछ। विशेष परिस्थितिमा महाधिवेशनबाट समेत संशोधन गर्न बाधा पर्ने छैन ।

२) उपदफा (१) बमोजिम गरिएको संशोधन यस विधानको अभिन्न अङ्ग मानिनेछ । संशोधित विधानको प्रमाणित प्रति संगठन राष्ट्रियस्तरको ट्रेड युनियनमा दर्ता भएको निकायमा पेश गरिनेछ

३) विशेष व्यवस्था: तीनै तहका ऐन जारी भई तीनै तहमा ट्रेड यूनियन संरचना सम्वन्धी विशेष व्यवस्था गर्न आवश्यक भएमा केन्द्रीय कार्य समितिले सांगठनिक संरचनामा हेरफेर तथा आवश्यक विशेष व्यवस्था गर्न यो विधानमा रूपान्तरण गरि नयाँ संरचना अनुरूप संगठन संरचना निर्माण गर्न सक्नेछ ।यसरी निर्माण गरिएको नयाँ सांगठनिक संरचना महाधिवेशनबाट अनुमोदन गराउनु पर्नेछ ।

६१. **विधानको व्याख्या :**

१) यस विधानमा लेखिएका कुराहरूको व्याख्या गर्ने अन्तिम अधिकार विधान अधिवेशनलाई मात्र हुनेछ ।

२) उपदफा (१) बमोजिम विधान महाधिवेशनले गरेको व्याख्या संगठनका सबै कार्यसमिति र सदस्यको लागि मान्य हुनेछ र तत् सम्बन्धमा कुनै प्रश्न उठाउन पाइने छैन ।

६२. **बाधा अड्काउ फुकाउने अधिकार :** यो विधान बमोजिम कुनै काम कारवाही गर्न कुनै बाधा अड्काउ परेमा केन्द्रीय कार्यसमितिले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

६३. **<u>आधिकारिक ट्रेड यूनियनमा प्रतिनिधित्व सम्बन्धी व्यवस्था :</u>** (१) जिल्ला/विभागीय, प्रदेश र केन्द्रीय कार्यसमितिवाट आधिकारिक ट्रेड यूनियनमा आफ्ना प्रतिनिधि पठाउँदा आधिकारिक ट्रेड यूनियनमा जिल्ला/विभागीयको हकमा सोही स्तरको वा सो भन्दा माथिल्लो कार्य समितिमा काम गरेको वा काम गरिसकेका संगठकहरू मध्येवाट र केन्द्रीय स्तरको हकमा केन्द्रीय कार्य समितिमा कम्तीमा दुई कार्यकाल काम गरेको वा काम गरिसकेका संगठकहरू मध्येवाट उपयुक्त संगठनका सदस्यहरूलाई सम्वन्धित कार्य समितिको कूल संख्याको वहुमतको निर्णयले पठाउनु पर्नेछ । आधिकारिक ट्रेड यूनियनमा जिम्मेवारी लिएका पदाधिकारी तथा सदस्यले निजामती सेवाको गरिमा विरुद्ध वा पेशागत हकहित मर्यादा विपरित वा सामाजिक मर्यादा विपरित वा पक्षपातपूर्ण तरीकावाट कार्य गरेमा सम्वन्धित कार्य समितिको कुल संख्याको वहुमतबाट फिर्ता वोलाउन सकिने छ । यसरी फिर्ता वोलाउनु भन्दा अगाडी निजसँग उपयुक्त स्पष्टिकरण दिने मनासिव समय दिनु पर्नेछ । निजको प्रष्टिकरण माथि छलफल गर्दा सम्वन्धित कार्य समितिलाई चित्त नवुझेमा मात्र फिर्ता बोलाउने निर्णयमा पुग्न सकिनेछ ।

२) केन्द्रीय/ जिल्ला/विभागीय कार्य समितिको बहुमतको निर्णयले तोकेको सदस्यले आधिकारिक ट्रेड यूनियनमा प्रतिनिधित्व गर्नेछ । सम्बन्धित कार्य समितिको बहुमत सदस्यको निर्णयबाट संगठनको तर्फबाट आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गर्ने सदस्यलाई फिर्ता बोलाउन सकिनेछ ।

६४. **<u>सुविधा दिनुपर्ने :</u>** संगठनको कार्य समिति वा सल्लाहकार समितिका सदस्यहरूलाई सम्बन्धित कार्य समितिले अनुरोध गरेमा संगठनको कामको सिलसिलामा कंहि जानु परेको अवस्थामा त्यस्ता कर्मचारीको विदाबाट कट्टि नहुने गरी सम्बन्धित कार्यालयले ट्रेड युनियन काजको सुविधा दिनु पर्नेछ ।

६५. **राजिनामा दिन सकिने :** संगठनका कुनै सदस्यले सम्बन्धित कार्य समितिका अध्यक्ष मार्फत कार्यसमितिमा, केन्द्रीय कार्यसमितिका अध्यक्षले वरिष्ठ उपाध्यक्ष मार्फत, प्रदेश कार्य समितिका अध्यक्षले उपाध्यक्ष मार्फत र जिल्ला/विभागीय कार्य समितिका अध्यक्षले उपाध्यक्ष मार्फत सम्बन्धित कार्यसमितिमा राजिनामा पेश गर्न सक्ने छन् ।

६६. **पुनरावेदन :** प्रदेश/जिल्ला/विभागीय, पालिका कार्य समितिले दफा ३९ बमोजिम सदस्यताबाट हटाउने गरी गरेको आदेश उपर ३५ दिनभित्र केन्द्रीय कार्य समितिमा पुनरावेदन गर्न सकिनेछ र केन्द्रीय कार्य समितिको निर्णय अन्तिम हुनेछ ।

६७. **कर्मचारी सम्बन्धी व्यवस्था :**

१) संगठनको काम, कारवाही सुचारुरूपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार सम्वन्धित कार्य समितिले निर्णय गरे अनुसार कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ

२) उपदफा (क) बमोजिम नियुक्त हुने कर्मचारीहरूको तलव भत्ता, सेवा, सुविधा एवं सेवाका अन्य शर्तहरू कर्मचारी विनियमावली बनाई सो बमोजिम लागु गर्नु पर्नेछ । सो नवन्दा सम्म सम्बन्धीत कार्य समितिले तोके बमोजिम हुनेछ ।

६८. **नेपाल सरकारसँगको सम्पर्क :** संगठनले नेपाल सरकारसँग सम्पर्क राख्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत राख्नेछ ।

तर यो दफाको कुनै पनि व्यवस्था निजामती सेवा ऐन, ०४९ र निजामती सेवा नियमावली, ०५० अनुसार अन्य निकायहरूसँग सामाजिक सम्वाद र सामूहिक सौदावाजी गर्ने अधिकारमा बाधा पुऱ्याएको मानिने छैन ।

६९. **विनियम बनाउने अधिकार :** यस विधानको उद्देश्य पूरा गर्नका लागि केन्द्रीय कार्य समितिले आवश्यक विनियम बनाउन सक्नेछ ।

७०. **मातहत कार्य समिति निलम्बन वा खारेज हुन सक्ने :**

१) यो विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संगठनको

केन्द्रीय कार्य समिति मातहतका कुनै कार्य समितिले यो विधान विपरित कार्य गरेमा वा यो विधान बमोजिम गर्नुपर्ने काम गर्न नसकेमा वा केन्द्रीय कार्य समितिको निर्देशनको पालना नगरेमा केन्द्रीय कार्य समितिको दुई तिहाई बहुमतले सो कार्य समितिलाई निलम्बन वा भंग गर्न सक्नेछ ।

२) उपदफा (क) बमोजिम केन्द्रीय कार्य समितिले आफू मातहतका कुनै कार्य समितिलाई निलम्बन वा भंग गरेमा निलम्बन वा भंग गरेपछि बसेको केन्द्रीय परिषद्को बैठक वा महाधिवेशनमा सो को अनुमोदनको लागि पेश गर्नुपर्नेछ ।

३) उपदफा (क) र (ख) बमोजिम कुनै कार्य समिति निलम्बन वा भंग भएमा निलम्बन फुकुवा नभएसम्म वा अर्को निर्वाचन नभएसम्म सम्बन्धित कार्य समितिको अधिकार प्रयोग गर्ने गरी केन्द्रीय कार्य समिति वा सभाले कुनै तदर्थ व्यवस्था गर्न सक्नेछ ।

७१. **अधिकार प्रत्यायोजन :** संगठनको केन्द्रीय कार्य समितिलाई यो विधान बमोजिम प्राप्त अधिकारमध्ये पूर्ण वा केहि अधिकार कुनै निश्चित समयसम्म वा विषयको लागि केन्द्रीय परिषद्ले केन्द्रीय कार्य समितिलाई र केन्द्रीय कार्य समितिले केन्द्रीय पदाधिकारी वा सचिवालय वा कुनै निश्चित संख्यामा कुनै निश्चित उद्देश्यको लागि गठित टोली वा उपसमितिलाई प्रदान गर्न सक्नेछन् ।

७२. **कदर–पत्र दिन सक्ने :** संगठनको महाधिवेशन/अधिवेशन कार्यसमितिले संगठनको उद्देश्य अनुरूप रचनात्मक सहयोग गरी संगठनलाई सुदृढ बनाउन योगदान दिने कर्मचारी वा व्यक्ति वा सस्थालाई सम्मान स्वरूप कदर-पत्र दिन सक्नेछ ।

संगठनबाट प्रदान गरिने सम्मान तथा कदर-पत्रको अभिलेख अद्यावधिक गर्नुपर्नेछ ।

**७३. काम कारवाही मान्य हुने :**

१) यो विधान प्रारम्भ हुनुभन्दा अगाडि गठित संगठनको केन्द्रीय कार्य समिति र अन्य कार्यसमितिहरूले गरेको काम कारवाही यही विधान बमोजिम गरे सरह मान्य हुनेछ र यो विधान प्रारम्भ भई विधान बमोजिम निर्वाचन भई महाधिवेशन/अधिवेशन नहुँदासम्म यो विधान बमोजिमको कार्य समितिको काम, कर्तव्य र अधिकार तत्काल कायम रहेको कार्य समितिले प्रयोग गर्नेछ ।

२) विधान अधिवेशबाट विधान संशोधन हुँदा सांगठनिक संरचनामा परिवर्तन भएमा सो ब्यवस्था तत् पश्चात हुने महाधिवेशनबाट मात्र लागू हुनेछ ।

**७४. दायित्व र सम्पत्ति सर्ने सम्बन्धी व्यवस्था :**

केन्द्रीय समिति र अन्य समितिहरूको जिम्मा रहेको सम्पत्ति र दायित्व यो विधान प्रारम्भ भएपछि केन्द्रीय कार्य समिति र सम्बन्धित अन्य कार्य समितिहरूमा सर्नेछ ।

**७५. शपथ :**

१) संगठनका प्रत्येक कार्य समितिमा निर्वाचित तथा मनोनित पदाधिकारी तथा सदस्यहरू, सल्लाहकारहरू र केन्द्रीय प्रतिनिधिहरूले अनुसूची-५ मा व्यवस्था भए बमोजिमको शपथ लिनु पर्नेछ ।

२) महाधिवेशन/अधिवेशनबाट निर्वाचित कार्यसमितिलाई अध्यक्ष मण्डलको अध्यक्ष वा निजले तोकेको व्यक्तिबाट र मनोनयन हुँदा सम्बन्धित कार्यसमितिका अध्यक्षले शपथ ग्रहण गराउनु पर्नेछ ।

**७६. यो विधानको संशोधन देहाय बमोजिम लागू हुनेछः**

क) प्रतिनिधि सभाको २०६३/१/२८ को पारित प्रस्ताव अनुसार श्रम ऐन, ट्रेड यूनियन ऐन र निजामती सेवा ऐनमा संशोधन भए अनुसार संगठनको दर्ता प्रकृया पूरा नहुँदासम्म २०४७/७/१९ को स्वीकृति र दर्ता अनुसार नै संगठनको बैधानिक स्थिति कायम रहनेछ ।

ख) बाह्रौं महाधिवेशनबाट लागू हुनेछ ।

७७. **<u>संगठन विघठन नहुने :</u>** यस विधान बमोजिम दर्ता भएको नेपाल निजामती कर्मचारी संगठनलाई विघटन गरिने छैन । तर अर्को कुनै नामको संघ, संगठनसँग एकिकरण गर्न बाधा पर्ने छैन ।

७८. **<u>खारेजी र बचाउ :</u>**

क) यस विधान स्वीकृत भएपछि नेपाल निजामती कर्मचारी संगठनको साविक विधान खारेज हुनेछ ।

ख) नेपाल निजामती कर्मचारी संगठनको साविक विधान अनुसार निर्वाचित विभिन्न कार्य समितिहरूको निर्वाचन तथा काम कारवाहीहरू यस विधान बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची - १

दफा ४ को उपदफा (५) सँग सम्बन्धित

# संगठनको परिचय

वि.सं. २०४६ सालमा पुन:स्थापित प्रजातन्त्रसँगै २०४७ साल बैशाख ७ गते स्थापना भएको नेपाल निजामती कर्मचारी संगठन निजामी सेवालाई सक्षम, सुदृढ, सेवामूलक र प्रभावकारी बनाउन क्रियाशील छ। पेसाकर्मीका हकअधिकार स्थापनार्थ २०४७ साल र २०४८ सालमा ५६ दिन लामो ऐतिहासिक पेसागत आन्दोलन सञ्चालन समेत गरेर आफ्नो थप परिचय बनाएको छ । पेसागत आन्दोलनमा मनोज जोशी, झपेन्द्र कार्की र सुरेन्द्र विश्वकर्माको बलिदानी भई आज राष्ट्रिय सहिदको रुपमा रहनुभएको छ ।

ट्रेड युनियन आन्दोलनको नेतृत्व गर्दै सयौं उपलब्धि प्राप्त गर्न सफल यो संगठन २०७३ साल जेठ १९ गते सम्पन्न आधिकारिक ट्रेड युनियनको प्रथम निर्वाचनमा सर्वश्रेष्ठ हुन सफल भयो । २०६२/०६३ को जनआन्दोलन दुईमा संगठनको भूमिकाको उच्च मूल्याङ्कन गर्दै २०६३ जेठ २८ गतेको संसदमा ट्रेड युनियन अधिकारको सुनिश्चितता गर्दै संकल्प प्रस्तावसमेत पारित हुनु सुखद विषय हो । यसैगरी अन्तराष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा सन् १९९८ नोभेम्बर ५ मा TUIPS र २०५१ सालमा पेसागत महासंघ नेपालको सदस्य समेत प्राप्त गरेको छ ।

## अनुसूची - २

दफा ४ को उपदफा (५) सँग सम्बन्धित

# लोगो


संगठनको लोगो निम्न बमोजिम हुनेछ । यसको स्वरूप परिवर्तन नहुने गरी आवश्यकता अनुसार ठूलो/सानो आकारमा बनाई प्रयोग गर्न सकिने छ ।

## अनुसूची - ३

दफा ४ को उपदफा (५) सँग सम्बन्धित

# झण्डा

रातो पृष्ठभूमिमा निलो लोगो अंकित झण्डा संगठनको झण्डा हुनेछ । यसको स्वरूप परिवर्तन नहुने गरी आवश्यकता अनुसार ठूलो/सानो आकारमा बनाई प्रयोग गर्न सकिने छ ।



# अनुसूची -४

दफा ४ को उपदफा (५) सँग सम्बन्धित

## संगठनको गान

जनसेवा मूलमन्त्र ठान्दै, पेशागत हकहितका लागि
अन्यायमा परेकाहरू ती सबैको जितको लागि ।
नेपाल निजामती कर्मचारी संगठन ।
यो क्षेत्रकै पहिलो र विशाल संगठन ।

पदीय विभेदको अन्त्य गरी कायम गर्छ, सुशासन
कम्ती थिएन पहिले पनि पछि पनि हुन्न कम ।
यही संगठन छ र प्रशासनको चलिरैछ धड्कन
नेपाल निजामती कर्मचारी संगठन ।
यो क्षेत्रकै पहिलो र विशाल संगठन ।

राष्ट्रसेवकको न्याय प्राप्तिमा कैयौँको बलिदान छ
तिनै शहिदले गर्दा सबको यहाँ सम्मान छ ।
यिनैको काखमा यो फैलिरहेछ झनझन्
नेपाल निजामती कर्मचारी संगठन ।
यो क्षेत्रकै पहिलो र विशाल संगठन ।

# अनुसूची -५

**(दफा ७५ सँग सम्बन्धित)**

## सपथ

म ........................................ नेपाल निजामती कर्मचारी संगठन, ........................... कार्य समितिको, ..........पदमा सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि, मैले जाने बुझेसम्म कसैको मोलाहिजा, दवाब र करकापमा नपरि संगठनको गोपनीयता प्रकाश नगरी सधैंभर निःस्वार्थपूर्वक यो संगठनको उद्देश्य पूर्ति र संगठनको निरन्तर सुदृढताको लागि मेरो सामर्थ्यले भ्याएसम्म हर तरहले सेवारत रहने छु ।

आदरणीय शहीदहरू -अमर रहून् !

नेपाल निजामती कर्मचारी संगठन- जिन्दावाद ! जिन्दावाद !! जिन्दावाद !!!

| **सपथ लिनेको:** | **सपथ गराउनेको** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

प्रकाशक

# नेपाल निजामती कर्मचारी संगठन

## केन्द्रीय कार्यसमिति

बबरमहल, काठमाडौं

फोन नं.: ०१–५३५६८९८, ५३५५०२७

Website : www.negeo.org.np

Email : negeocc078@gmail.com